**गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेङ्गु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन्,
- सङ्क्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८१ वैशाख ११ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 23 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३१

## पर्सा राष्ट्रिय निकुञ्जमा प्रशस्त वन्यजन्तु, चराचुरुङ्गी तर पर्यटकको ध्यान तान्न असमर्थ

प्रस, निजगढ, १० वैशाख/
पर्सा राष्ट्रिय निकुञ्ज मुलुककै कान्छो निकुञ्ज हो भने मधेस प्रदेशको एकमात्र राष्ट्रिय निकुञ्ज हो । यो निकुञ्जको कुल क्षेत्रफल ६२७.३९ वर्ग किलोमिटर छ । साबिक पर्सा वन्यजन्तु आरक्षलाई १२७ वर्ग किलोमिटर क्षेत्रफल थप गरी पर्सा राष्ट्रिय निकुञ्ज विस्तार गरेसँगै वन्यजन्तु, चराचुरुङ्गीलगायत अन्य जङ्गली जनावरहरूको सङ्ख्यामा वृद्धि भएको छ । तर पनि आरक्षबाट निकुञ्जमा स्तरोन्नति भएपनि आवश्यक भौतिक पूर्वाधार निर्माण, विकास, विस्तारको अभाव र प्रचारप्रसार हुन नसक्दा अन्तरिक तथा बाहृय पर्यटकहरूका लागि पर्सा राष्ट्रिय निकुञ्ज अहिलेसम्म रोजाइमा पर्न सकेको छैन ।

पर्सा राष्ट्रिय निकुञ्ज रैथाने जङ्गली हात्तीको प्रमुख वासस्थान मानिन्छ । यस निकुञ्ज क्षेत्रमा विश्व संरक्षित सूचीमा रहेको पाटेबाघको सङ्ख्या निकुञ्ज विस्तार हुनु अघि १८ वटाबाट बढेर अहिले ४१ वटा पुगेको सन् २०१८ को बाघ गणनाको तथ्याङ्कले देखाएको छ ।



मकवानपुर मनहरीस्थित निकुञ्ज क्षेत्रमा रहेको राप्ती नदी ।







रैथाने जङ्गली हात्ती, गैंडा, हरिण, मृगलगायत विभिन्न वन्यजन्तु, चराचुरुङ्गी अवलोकनका लागि गन्तव्य बन्दै पर्सा राष्ट्रिय निकुञ्ज । तस्वीरः जीतलाल श्रेष्ठ

६५ वटा वयस्क बाघ सुरक्षित तवरले बस्न सक्ने पर्याप्त क्षेत्रफल भएको यस निकुञ्जमा एकसिङ्गे गैंडाको अहिले निकै चहलपहल बढेको पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभारका प्रमुख एवं संरक्षक अधिकृत रामचन्द्र खतिवडाले बताए ।

पर्सा राष्ट्रिय निकुञ्ज बारा, पर्सा, मकवानपुर तीन जिल्लामा फैलिएको र चितवन राष्ट्रिय निकुञ्जको सिमानासँग जोडिएकोले यस निकुञ्जको मकवानपुर मनहरीस्थित प्रतापपुर पोस्टको क्षेत्र अहिले गैंडाको प्रमुख बासस्थलको रूपमा रहेको प्रमुख संरक्षण अधिकृत खतिवडाले बताए । पर्सा राष्ट्रिय निकुञ्ज भर्जिन र प्राकृतिक जङ्गल भएकोले पनि यस निकुञ्जमा आउने प्रायःजसो पर्यटकहरूले कुनै न कुनै वन्यजन्तु, चराचुरुङ्गी लगायतका जङ्गली जनावरहरू देख्न सक्ने अधिक सम्भावना रहेको खतिवडा बताउँछन् ।

पाटेबाघ, चितुवा आकलझुकल संयोगले देख्न पाइए पनि एकसिङ्गे गैंडा भने प्रायः सहजै देख्न सकिने प्रमुख संरक्षण अधिकृत खतिवडा बताउँछन् । निकुञ्जका लागि प्रतापपुर पोस्ट क्षेत्रको घाँसे मैदान एकसिङ्गे गैंडाको लागि सुरक्षित बासस्थान हुन पुगेको छ । घाँसे मैदान क्षेत्रमा रहेको बस्ती स्थानान्तरणपछि अहिले त्यहाँ गैंडाको बासस्थलको रूपमा चहलपहल बढेको उनी बताउँछन् । गैंडाका लागि प्रशस्त पानी, खुल्ला नरकट झाँडी, बुट्यान घाँस क्षेत्रलगायत गैंडाले रुचाउने वातावरण रहेकोले र चितवन राष्ट्रिय निकुञ्जको सीमा क्षेत्र पनि नजीकै रहेकोले गैंडाको चहलपहल निकै बढेको खतिवडाले बताए ।

निकुञ्जको कोर एरिया हलखोरिया दह रैथाने जङ्गली हात्ती र बाघको प्रमुख बासस्थानको रूपमा रहेको निकुञ्ज कार्यालयले जनाएको छ । संरक्षित वन्यजन्तु पाटेबाघ, संरक्षित वन्यजन्तु गौरीगाई, रैथाने जङ्गली हात्ती, भालु, चितुवा, चित्तल, हरिण, मृग, बँदेललगायत मयुर, धनेश, ढुक्कुर जस्ता चार सयभन्दा बढी प्रजातिका चराचुरुङ्गीका साथै अन्य स्तनधारी जनावर र सर्प, अजिङ्गर जस्ता विभिन्न प्रजातिमा सरिसृप पाइने उनले बताए ।

(बाँकी अन्तिम पातामा)

## पर्साको ग्रामीण क्षेत्रमा पनि पिउने पानीको समस्या बढ्दै



ठोरी गापा–५ गडुवालाइनको देवीप्रसाद दाहालको चापाकल सुकेपछि चिन्तित मुद्रामा महिला । इन्सेटमा सुकेको इनार । तस्वीरः प्रतीक

प्रस, सेढवा, १० वैशाख/
वर्षा नहुँदा पर्साको ग्रामीण क्षेत्रमा पनि पिउने पानीको समस्या बढ्दो छ । भूमिगत पानीको सतह घट्दै गएको र वर्षा नभएको कारण कतिपय पानीका मुहानहरू सुकेर पिउने पानीको समस्या बढेको छ ।

जङ्गलसँग जोडिएको थरुहट क्षेत्रमा आर्टिजेन धाराबाट पानी आफैं आउने गर्थ्यो तर अहिले पानीको स्रोत घटेपछि आर्टिजेन धाराबाट पनि पानी आउन छाडेको छ । पर्सा राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय वन क्षेत्रमा रहेका पानीको मुहान पनि सुकेका छन् । कात्तिकदेखि नै पर्याप्त वर्षा नभएको कारण अहिले यो क्षेत्रमा पानीको समस्या बढ्दै गएको हो । गहुँखेती गरेका किसानहरूले पानीको समस्या झेल्नुपरेको थियो भने अहिले चैते धानखेती गरेका र मकै, सुर्ती तथा हरियो तरकारी रोपेका किसानहरूलाई पनि पानीको समस्या छ ।

जीराभवानी गाउँपालिका–१ शान्तिनगरका क्षत्रबहादुर श्रेष्ठले वर्षा नहुँदा प्रत्येक दिन बोरिङबाट बाली सपार्नको लागि सिंचाइ गर्नुपरेको बताए । सखुवाप्रसौनी गापा–२ का किसान अजित दासले वर्षा नभएको र भूमिगत पानीको सतह घट्दा अधिकांश आर्टिजेन धारा सुकेको बताए । पानीको मुहान सुक्दा अहिले कतिपय कुलोहरू सुक्खा भएको उनले जानकारी गराए ।

अहिले बालीको लागि किसानहरूले बोरिङलगायतको प्रयोग गर्दा पनि भूमिगत पानीको सतह घट्दै गएको उनले बताए । गत वर्ष पनि ग्रामीण क्षेत्रमा चापाकल, बोरिङ सुकेर पिउने पानीको समस्या भएको थियो । यसपालि पनि समयमा पानी नपर्ने हो भने गत वर्षको नियति भोग्नुपर्ने किसान दास बताउँछन् ।

ठोरी गापा–५ गडुवालाइनका देवीप्रसाद दाहालले ६० फिट लामो पाइप जडान भएको चापाकल र इनार सुकेको बताए । उनले केही बोरिङ नसुके पनि मोटरपम्प तथा दमकलबाट पानी तान्दा पनि नआएको बताए ।

अहिले पानीको व्यवस्थापनको लागि १२ देखि १५ फिट खाल्डो खनेर दमकल, मोटरपम्प जडान गर्ने र पानी तान्ने कार्य भइरहेको छ ।

## प्रशासनको छापाले वीरगंजका व्यवसायी त्रसित रीतपूर्वक छापामारी भएन –उपाध्यक्ष

प्रस, परवानीपुर, १० वैशाख/
जिल्ला प्रहरी कार्यालय, पर्साको प्रमुखमा कुमोध ढुङ्गेल आएपछि राजस्व चुहावटका गतिविधिलाई अङ्कुश लगाउने क्रममा पर्सा प्रहरीको रवैयाप्रति वीरगंजका व्यवसायीहरूको छाता सङ्गठन वीरगंज उद्योग वाणिज्य सङ्घले आपत्ति प्रकट गरेको छ ।



प्रहरीले छापामारी गरेको दृश्य ।



उपाध्यक्ष माधव राजपाल

आर्थिक सङ्कटबाट गुज्रिरहेको देशमा व्यवसायीहरू गर वा मरको अवस्थामा व्यापार–व्यवसाय गरिरहेका छन् । यसैबीच, प्रहरी प्रशासनलगायत सरोकारवाला निकायको गैरकानूनी छापामारीका कारणले व्यवसायीहरू त्रसित बनेको वीउवासङ्घका उपाध्यक्ष माधव राजपालले बताए । उनले व्यवसायीको कारोबार र मनोबल उकास्ने नीति राज्यले ल्याउनुपर्ने अवस्थामा मनोबल खस्काउने र व्यवसायीहरू चोर हुन् भन्ने नीतिका कारण गैरकानूनी छापामारी गरेर प्रहरी प्रशासनले चर्चा बटुल्न खोजेको आरोप लगाए ।

वीरगंजमा केही दिनदेखि विभिन्न स्थानमा जनपद र सशस्त्र प्रहरी, भन्सार, स्थानीय सरकार, आन्तरिक राजस्व कार्यालय, राजस्व विभागलगायतका निकायले छापामारी गरिरहेको व्यवसायीहरूको आरोप छ ।

असार मसान्त नजीकिंदै जाँदा राजस्व सङ्कलनको लक्ष्यलाई पूरा गर्न एवं व्यवसायीमाथि अनाहकमा मानसिक, आर्थिक यातना सिर्जना गर्न यस्तो कार्य भएकोप्रति सङ्घले दुःख व्यक्त गरेको उनले बताए । उपाध्यक्ष राजपालले सही तरीकाले छापामारी गर्ने हो भने जिल्लास्थित अनुगमन समितिको निर्णय अनुसार सरोकारवाला व्यक्तिको प्रतिनिधित्व हुनेगरी छापामारी गर्नुपर्ने माग गरेका छन् । उनले प्रहरीले छापामारी गर्ने र छापामारीबाट बरामद मालवस्तुको मूल्य पनि निर्धारण गर्ने काम सो निकायको नभएको स्पष्ट पारे ।

भन्सार कार्यालयको प्रतिनिधिबेगर उक्त सामान भन्सार छलीको हो/होइन, कुन सामान कति मूल्यको हो भन्नेबारेमा वीउवासङ्घका प्रतिनिधि एवं आन्तरिक राजस्व कार्यालय, वाणिज्य कार्यालय लगायतको विषय भएकोले छापामारीलाई रीतपूर्वक लैजानुपर्ने उनले बताए ।

यस विषयमा जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले प्रहरीले चालेको कदम सही भएको दाबी गर्दै सूचना चुहिने आशङ्काले कतिपय छापामारीका घटनामा सबै नियामक निकायका प्रतिनिधिहरूको सहभागिता हुन नसकेको बताए ।

## बारामा आधुनिक प्रविधिबाट आलुखेती एक बिघामा चार लाख मूल्यको आलु उत्पादन





प्रस, परवानीपुर, १० वैशाख/
नेपाली युवाहरू विदेश पलायन भएसँगै कृषिकर्ममा दैनिक ज्यालादारी गर्ने ज्यामीहरूको अभाव खड्किंदै गएको छ । यसैबीच, कृषिकर्ममा आधुनिकीकरण र यान्त्रीकरणलाई जोड दिनुपर्छ भन्ने चौतर्फी आवाज उठिरहँदा बाराका किसानहरू आधुनिक प्रविधि अँगाल्न थालेका छन् ।

बारा, फेटा गाउँपालिका–१ त्रिवेणीका पारस ठाकुरले आलु रोप्ने मेशीनबाट एक बिघामा भारतीय केटु जातको आलु लगाएका थिए । यस वर्ष आलुको मूल्य बढेको हुँदा उनले एक बिघामा करीब चार लाख मूल्य बराबरको आलु उत्पादन गरेको बताए ।

पोटैटो प्लान्टर मेशीनबाट उनले एक बिघा क्षेत्रफलमा आलु रोपेका थिए । मेशीनबाट आलु रोप्दा ज्यामीको आवश्यकता पर्दैन र आलुको आकार बढेर उत्पादनमा वृद्धि हुने गरेको उनी बताउँछन् । यस वर्ष उनले मेशीनबाट नै आलु रोप्ने/खन्ने काम गरेका छन् । प्रतिकट्ठा ८०–८५ किलो आलुको बीउ लागेको बताउँदै आलु रोपिसकेपछि ढुसीनाशक विषादी र दुईपटक सिंचाइ

(बाँकी अन्तिम पातामा)

### विचारसार र सुक्तिहरू

अहङ्कार र असहिष्णुता त्यो खतरनाक हतियार हो, जसले मानिसलाई असमयमैं खत्तम पारिदिन्छ ।


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# पिउने पानीको समस्या शुरू

अहिले तराई क्षेत्रमा गर्मी बढ्दो छ र जनजीवन बिस्तारै प्रभावित हुन थालेको छ । गत वर्ष र अहिले वैशाखको शुभारम्भदेखि तराई क्षेत्रमा गर्मीले जनजीवन प्रभावित पार्दै आएको छ। गर्मी बढेसँगै वर्षा हुन नसकेर ठाउँठाउँमा पिउने पानीको हाहाकार मचेको छ । तराई क्षेत्रमा गर्मी नौलो कुरा भने होइन । तर गत वर्षदेखि अत्यधिक गर्मीले जनजीवनलाई निकै प्रभावित पारेको छ। जल तथा मौसम पूर्वानुमान महाशाखाले यस वर्ष पनि वर्षा कम हुने सङ्केत गरेको छ। गत वर्ष पनि औसतरूपमा वर्षा भएको थिएन । अहिलेसम्म अधिकतम तापक्रम ४३ डिग्री सेल्सियससम्म मापन भइसकेको छ र समयमा वर्षा नहुने हो भने तापक्रम अझ बढ्न सक्छ। पर्सामा विगतका वर्षहरूमा ४१ डिग्री सेल्सियससम्म तापक्रम मापन गरिएको थियो । गर्मीयाम शुरू भएसँगै अस्पताल, स्वास्थ्य चौकीहरूमा बिरामीहरूको चाप बढ्दो छ। बान्ता हुने, रिङ्गटा लाग्ने, ज्वरो लाग्ने, टाउको दुख्ने जस्ता रोगका प्रकोप गर्मीयामसँगै शुरू भएको छ ।

बढ्दो गर्मीबाट जोगिनका लागि बढी मात्रामा पानीको सेवन गर्न चिकित्सकको सुझाव छ । यसैगरी, अत्यधिक गर्मीमा घरबाहिर निस्कनुपरेमा पूरै शरीर ढाकिने गरी सुतीको पातलो लुगा लगाउन, टाउकोमा कपडा राख्न अथवा छाता ओढ्न चिकित्सकले सुझाएका छन् । गत वर्षदेखि वीरगंज महानगरपालिकाका विभिन्न वडाहरूमा गर्मी बढेसँगै पानीको स्रोत पनि सुक्न थालेको छ। भूमिगत पानीको सतह अहिले औसतभन्दा छ फिट तल पुगिसकेको छ, जसले गर्दा धेरै स्थानमा पानीको हाहाकार मचेको छ। यस अर्थमा वर्षा नहुन्जेलसम्म पानीको सतह माथि नआउने र पानीको सङ्कट जारी रहने जानकारहरू बताउँछन्। पर्याप्त वर्षा भएमा मात्र पानीको सतह बढ्न सक्छ । महानगरपालिकालगायत पर्सा जिल्लाका अन्य पालिकाहरूमा पनि पिउने पानीको अभाव शुरू भइसकेको छ । गत वर्ष महानगरले पिउने पानीको व्यवस्थापनका लागि निश्शुल्क खानेपानी धारा जडान कार्यक्रमका साथै वडाहरूमा डीप बोरिङ जडान गरेको थियो। अहिले पनि यो कार्यक्रम जारी छ। गत वर्ष पिउने पानीको अभाव टार्न महानगर र वडापालिकाहरूले वडास्तरमा टयाङ्करबाट पिउने पानी उपलब्ध गराएका थिए । अहिले पानीको हाहाकार त्यति नभएपनि चापाकलहरू भने सुक्न थालिसकेका छन् । गत वर्ष खानेपानी संस्थानको १० हजार एक सय ग्राहक थियो भने अहिले ग्राहक सङ्ख्या ह्वात्तै बढेको छ ।

गत वर्षदेखि चापाकल सुक्न थालेपछि हुनेखानेहरूले चार लाख रुपैयाँ खर्चेर डीप बोरिङ जडान गरे भने मध्यम र निम्न मध्यमवर्गले संस्थानको धारा जडान गरे । ग्राहक सङ्ख्या बढेपछि अहिले संस्थानको धाराबाट पानी कम आउन थालेको छ। चापाकलमा आश्रित परिवारहरूलाई अहिलेदेखि पानीको अभाव शुरू भएको छ । डीप बोरिङ गरेका र खानेपानी संस्थानको धारा लिएका परिवारलाई भने पानीको त्यत्ति समस्या भइसकेको छैन। गत वर्ष नै भूमिगत पानीको सतह माथि उठाउन स्रोत रिचार्ज गर्नुपर्ने सुझाव आएको थियो, जसलाई महानगरले लागू गर्न सकेन । चापाकलको लागि सामान्यतया पानीको सतह २७ फिटमा हुनुपर्नेमा तीन महीना अघि सर्भे गर्दा वीरगंजमा पानीको सतह ३३ फिट मुनि फेला परेको थियो। वर्षा नहुने हो भने यस वर्ष पिउने पानीको समस्या झनै विकराल हुने देखिन्छ ।

# हराउँदो मौलिकता र फस्टाउँदै औपचारिकता

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**मानिस खाली हात जन्मछ र खाली हात नै मर्छ पनि। यो कुरा थाहा पाउँदापाउँदै पनि बाँचुन्जेल पैसाको लागि एक अर्कालाई नोक्सान पुऱ्याउने, अहित गर्ने र उस्तै परे चरित्रहत्यादेखि भौतिक हत्या गर्न समेत पछि पर्दैन। आखिर किन ?**

सद्भाव भनेको मानिस–मानिसबीच विनाभेदभाव असल भावना, विचार, स्नेह, मेलमिलाप वा मैत्रीपूर्ण सम्बन्ध राख्नु हो । हामी मानिस स्वभावैले सामाजिक प्राणी हौं । यसर्थ हामीले समाजमा बस्दा सामाजिक सद्भाव कायम राख्नुपर्छ। किनभने संसारका मानिसहरू एकै हुन्, कुनै भिन्नता छैन । त्यसैले मानवले मानवलाई समान व्यवहार गर्नुपर्छ। यो भावनाबाट ओतप्रोत भएर नै सद्भाव भन्ने शब्द बनेको हो। यसरी मानवमानवबीच एक अर्कालाई सहयोग गर्ने इच्छा साकार पार्न मानिसहरू ईर्ष्या, द्वेष, डाहा, स्वार्थ, घमण्ड, लोभ– लालच, तृष्णाजस्ता चीजबाट टाढा रहनुपर्छ भन्ने सन्देश सामाजिक सद्भावमा प्रत्येक व्यक्तिले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ। यी कुराहरूको अभावमा सद्भावको परिकल्पना पनि गर्न सकिंदैन ।

कुनै बेला धार्मिक सहिष्णुता, संस्कृतिको धनी, आत्मीयता र आतिथ्यको खानी, सहयोगी मन र भावना भएका निडर वीर गोर्खालीको उपनामले चिनिने हामी नेपाली यतिबेला गरीब, भ्रष्ट, युवा बेच्ने, मानव तस्करी गर्ने संसारकै प्रदूषणयुक्त देशमा पर्दछौं । संसारको सर्वोच्च शिखर सगरमाथाको शान र गौरव, शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमि नेपाल हो। हामी नेपाली हुनुमा गर्व गर्ने थुप्रै कुरा छन्। तर हाम्रो छुट्टै पहिचान र छुट्टै विशेषता एकादेशको कथा जस्तै हुन गएको छ । किनभने आजभोलि दिनहुँजसो भइरहेका साम्प्रदायिक घटनाक्रमले यति बेला हामीमा मानवता हराएको सजिलै अनुमान गर्न सकिन्छ।

यतिबेला हाम्रो समाजमा सद्भावको निकै अभाव देखिएको छ। जबकि चालीस पैंतालीस वर्ष अघिसम्म नेपाली समाजमा सबैतिर भाइचारा र सद्भाव स्पष्ट देखिन्थ्यो। त्यति बेला समाजमा एउटा उखान निकै प्रचलित थियो –"वसुधैव कुटुम्बकम्' अर्थात् विश्व–भ्रातृत्व । समयसँगै मिलनसारिताको त्यो भाव बढ्दै जानुपर्नेमा निरन्तर घट्दै गएको सबैले अनुभूति गरेकै कुरा हो । यति बेला हाम्रो समाजमा सद्भावको अवस्था यस्तो भइसकेको छ कि एउटा धर्म, संस्कृति तथा जातिको सांस्कृतिक उत्सव मनाउँदै गर्दा अर्को जाति, संस्कृति र धर्ममा बैर भाव उच्चस्तरमा देखिन थालेको छ । प्राय: यस्ता अवसरहरूमा उनीहरूबीच हिंसक झडपसमेत हुने गरेकोले प्रहरी परिचालन गर्नुपर्ने तथा शान्ति सुव्यवस्था कायम गर्नको लागि जनसमुदायमाथि बल प्रयोग गर्नुपरिरहेको सबैले देखिभोगिरहेकै छ । यसको पछाडि मुख्य कारण के होला ?

मानव समाजमा पूँजीवादको आगमनसँगै सबै सामाजिक सम्बन्ध बदलिएका छन् । आर्थिक व्यवस्था बदलिएको छ । राजनीतिक व्यवस्था फेरिएको छ र सोही अनुरूप सांस्कृतिक अवस्थाको पनि रूपान्तरण भएको छ। यति बेलाको खानपान, स्कूलिङ (सिकाइ) र सङ्गत सामाजिक सद्भावको निम्ति प्रमुख दुश्मन साबित हुन गएको छ। यस अर्थमा हामीले आफ्नो खानपिन र गलत सिकाइ तथा सङ्गत; खासगरी पैसाप्रतिको सोचमा समेत परिवर्तन ल्याउन जरूरी छ। यो सही हो कि सबैलाई पैसा चाहिन्छ तर यसको मतलब सबै थोक पैसा नै हो भन्ने होइन। तर ठीक उल्टो सबैको के सोच छ भने – यो संसारमा 'न बाप बडा न भैया, सबसे बडा रुपैया' अर्थात् सबै कुरा पैसा हो । त्यसैले हिजोआज सबैले पैसालाई नै केन्द्रबिन्दुमा राखेर व्यवहार गर्दा सामाजिक सद्भावमा खतरा उत्पन्न हुन गएको हो।

यस्तो जटिल परिस्थितिमा हाम्रो अगाडि केही यस प्रश्न तेर्सिन पुगेको छ–

१/ हाम्रो सोच र नैतिकता किन पतन हुँदै गएको छ ?

२/ किन हामी यति धेरै विवेकशून्य बन्दैछौं ?

३/ हामीले विरासतमा पाएको र सिकेको संस्कार के हो ?

४/ नयाँ नेपालको नाममा समाजलाई कुन गोरेटोमा लाँदैछौं ?

एक महीना अगाडिको मात्रै समाचारहरूमा ध्यान दिने हो भने कुन खालको समाचारले हाम्रो समाचार पत्रिका, टिभीका स्क्रिन, रेडियोका आवाजहरू भरिएका छन्, प्रस्ट हुन्छ–

दाजुद्वारा भाइको हत्या, प्रेमीद्वारा प्रेमिकाको हत्या, बाबुद्वारा छोरीको हत्या, साथीद्वारा साथीको हत्या, बाबुद्वारा छोरी बलात्कृत, १२ वर्षकी किशोरीलाई सामूहिक बलात्कार, आमाले गरिन् छोराको हत्या, पतिद्वारा पत्नीको हत्या, गाउँले मिलेर लखेटी–लखेटी हत्या, बोक्सीको आरोपमा कुटपिट गरी गाउँ निकाला, ज्वाइँद्वारा ससुराको हत्या । यस्तै होइन त हाम्रा समाचारहरू। आखिर किन गरिन्छ त कतै जातको नाममा हत्या, कतै धर्मको नाममा हत्या, कतै लेनदेनको नाममा हत्या तथा कतै मदिरा सेवन गरी हत्या ?

लामो समयसम्म हिन्दू–मुस्लिम लगायत विभिन्न जातजाति, भाषाभाषी तथा धर्मावलम्बीबीचमा रहँदै आएको सामाजिक सद्भावको कडी आजभोलि निकै कमजोर भएको देखिन्छ, यद्यपि परिस्थिति बेकाबू भइसकेको छैन। तर अवस्था यही रहिरहने हो भने भोलि 'अब पछताए क्या होत है, चिडिया चुग गयी जब खेत'– को अवस्था नआउला भन्न सकिन्न । कहिले सरस्वतीको मूर्ति विसर्जनको क्रममा त कहिले रामनवमीको शोभायात्रामा त कहिले दाहा ( सोबरात) र झन्डा (महावीर) आदिको क्रममा सामाजिक सद्भाव बिथोलिने क्रमले केही वर्ष यतादेखि निरन्तरता पाउन थालेको छ । यो निकै संवेदनशील विषय हो । भारतीय सीमावर्ती नेपाली जिल्लाहरूमा यस्ता समस्या छिटफुट हुने गरेकोमा यसले निरन्तरता पाउनु साह्रै चिन्ता र दु:खद विषय हो। भनिन्छ मानव जीवनमा सङ्गतको प्रभाव निकै हुन्छ । पछिल्लो समय भारतीय राजनीतिमा दुई कार्यकाल भारतीय जनता पार्टीले पाएपछि मुसलमानप्रति पूर्वाग्रहपूर्ण नकारात्मक सरकारी रवैया तथा कट्टर हिन्दूवादी सोचले गर्दा यस प्रकारका साम्प्रदायिक दङ्गामा बढोत्तरी भएको देखिन्छ। नेपाली समाज, खासगरी तराई, भारतीय राजनीतिबाट प्रत्यक्ष–अप्रत्यक्ष प्रभावित हुने हुँदा यहाँ पनि सामाजिक सद्भावमा समस्या उत्पन्न हुने गरेको देखिन्छ ।

गणतन्त्रपछि नेपालमा युरोपेली मुलुकहरूको प्रभावले गर्दा क्रिश्चियन धर्मको प्रभाव समेत बढेको महसूस भइरहेको छ । गाई–गोरु काटेर खाने धरानको घटनालाई इसाई धर्मसँग जोडेर व्याख्या गर्नेहरूको कुनै कमी छैन। जबकि गाई–गोरु काटेर खाने समुदाय हजारौं वर्षदेखि नेपालमा बसोवास गर्दै आएको छ। अहिलेसम्म मिलेर बसेका जनसमुदाय यतिबेला किन धार्मिकरूपमा लड्न खोजिरहेका छन् ।

हिजो आज यस्तो परिपाटी बसेको छ कि असल विचार अनुसरण गर्ने कुरा एकादेशको कथा जस्तै भएको छ। एक समय थियो, जब सादा जीवन उच्च विचार र मितव्ययी व्यवहार आदर्शको रूपमा स्थापित थियो । आजभोलिको पीढीलाई यो कुरा बताउने पनि कोही छैन । अरूलाई ठगेर, कमिशन–घूस खाएर, लुटेर, बेइमानी गरेर धनी भएको देखेपछि यो गैरकानूनी काम हो, यस्तो गर्नुहुँदैन भन्नुभन्दा योभन्दा पनि बढी गरेर देखाउनु छ भन्ने भावना अहिले के गाउँ के शहर सबैतिर व्याप्त छ। हो यो पनि एउटा प्रमुख कारण हो जसले गर्दा आज समाजबाट सद्भाव विस्थापित भएको छ। त्यसैले असल विचारको अनुसरण गर्ने काम कहिले पनि छोड्नुहुँदैन। सबै मानिसमा मानवता देखिनुपर्छ । एउटा मानवले अर्को मानवलाई सेवाभावले सहयोग गर्नुपर्छ अनि मात्रै हाम्रो समाजमा सद्भावको दिगो विकास हुन सक्छ।

हाम्रो समाजमा मानिसहरूले अरूको दु:खलाई आफ्नो ठान्दैनन्, जसले गर्दा अरूको दु:खमा दु:खी हुनुभन्दा उल्टो उ खुशी हुन्छन् । वास्तविकता के पनि छ भने हिजोआज मानिसहरू आफ्नो दु:खले दु:खी हुनुभन्दा अरूको सुखले दु:खी हुनेहरू धेरै छन् । यस्तालाई अरूको दु:खसँग केही मतलब छैन। भाग्यवादको चक्करमा यिनीहरूले के बुझेका छन् भने उसको दु:ख उसले पूर्व जन्म गरेको पाप कर्मले गर्दा हो। मेरो खुशी, मेरो सुख मैले पूर्व जन्म गरेको पुण्य कर्मको फल हो । जबकि यो सोऱ्है आना अवैज्ञानिक, अव्यावहारिक भ्रूटको खेती मात्रै हो । कुनै पनि मानिसको दु:खको कारण उसको भाग्य होइन । किनभने भाग्य भन्ने चीज छट्टु मानिसहरूको कल्पना मात्र हो । वास्तविकमा भाग्य हुँदैन, त्यसैले मानिसले के बुझ्नुपर्छ भने संसारभरिका सबै मानिस समान हुन् भने सबैले एक अर्कोको दु:खमा दु:खी हुने र सुखमा खुशी हुने अनुभूति गर्न सक्नुपर्छ। अनि मात्रै समाजमा दिगो सद्भाव स्थापित हुन्छ।

कसैले मानोस् नमानोस्, भनोस् नभनोस् वा स्वीकार गरोस् नगरोस्, सत्य यही हो कि सबै मानिस एक दिन मर्नुपर्छ। मर्ने दिन कसैले पनि आफूसँग कुनै चीज लगेको देखिएको छैन। मानिस खाली हात जन्मछ र खाली हात नै मर्छ पनि। यो कुरा थाहा पाउँदापाउँदै पनि बाँचुन्जेल पैसाको लागि एक अर्कालाई नोक्सान पुऱ्याउने, अहित गर्ने र उस्तै परे चरित्रहत्यादेखि भौतिक हत्या गर्न समेत पछि पर्दैन। आखिर किन ?

यो सबैको ठोस उत्तर एउटै छ । पूँजीप्रति तृष्णा; अर्थात् कहिले भोक नमेटिने तृष्णा, यसले गर्दा मानिसहरू एक आपसमा खराब व्यवहार गर्छन् । एक अर्कोलाई धोका दिन्छन् र एक अर्काको दुश्मन भएर बाँच्छन् । जब समाजको स्वरूप यस्तो बीभत्स हुन्छ अनि त्यो समाजमा सद्भाव, प्रेम, शान्ति र मानवता दिउँसै टुकी बालेर खोज्नुपर्ने हुन्छ। बेलैमा सरोकारवाला सबै सचेत बनौं र मानवभित्र विनाविभेद मानवताको स्थापना गरौं। सबै मानव एकै हुन् भन्ने भाव फेरि जागृत गरौं। यसैमा मानव जातिको कल्याण छ।

# 'कतारका अमिरको भ्रमणबाट नेपालले अधिकतम् लाभ लिनुपर्छ'

काठमाडौं, १० वैशाख/रासस

पूर्वमन्त्री एवं परराष्ट्र मामिलाका जानकारले कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको भ्रमणबाट नेपालले अधिकतम लाभ लिने विषयलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन् ।

उनीहरूले सानो भूगोल र थोरै जनसङ्ख्या भएपनि दूरदर्शी नेतृत्व र उपलब्ध साधनस्रोतको अधिकतम सदुपयोग गर्न सके छोटो अवधिमैं कसरी समृद्धि हासिल गर्न सकिन्छ भन्ने उदाहरण नेपालले कतारबाट सिक्न सक्ने धारणा राखे ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का नेता एवं पूर्वमन्त्री सुरेन्द्रकुमार कार्कीले इन्धनको उत्खनन शुरू भइसकेपछि कतारले आफ्नो भौगोलिक आकारभन्दा धेरै माथि अन्तर्राष्ट्रिय शान्ति र सहयोगमा विशिष्ट भूमिका खेलिरहेको बताए ।

उनले भने, "क्षेत्रीय शान्ति कायम, अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ र ठूला राजनीतिक तनावलाई समाधानका लागि कतारले समन्वयकारी र निर्णायक भूमिका खेल्नेगरी अघि बढिरहेको छ।"

पूर्वमन्त्री कार्कीले नेपाल पनि द्वन्द्वपछि शान्ति प्रक्रियामा अघि बढिरहेको सन्दर्भमा मुलुकको शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाउन कतारको अनुभवबाट महत्त्वपूर्ण शिक्षा लिन सकिने भएकाले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन मदत गर्न सक्ने विचार प्रकट गरे ।

उनले भने, "नेपालको प्रमुख श्रम गन्तव्यका रूपमा कतार रहेको छ । विप्रेषणको ठूलो हिस्सा कतारबाट आइरहेको छ । कतारको विकासमा नेपालीले पुऱ्याएको योगदानको सम्मान हुनेगरी त्यहाँ श्रम गरिरहेका नेपालीलाई मर्यादित कामको सुनिश्चितता तथा श्रमिकले पाइरहेका झन्झटलाई अन्त्य गर्ने विषयलाई नेपालले प्राथमिकताका साथ उपलब्ध गराउनुर्छ ।"

पूर्वमन्त्री कार्कीले भौगोलिकरूपमा सानो भएपनि अन्तर्राष्ट्रिय कूटनीतिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गर्दै क्षेत्रीय र अन्तर्राष्ट्रिय तनावलाई कम गर्न कतारले मध्यस्थताको भूमिका निर्वाह गरिरहेको घटना सुनाए। कतारको लगानीमा नेपालको हिमालय क्षेत्रको पिउने पानी प्रशोधन र प्राङ्गारिक कृषिजन्य उत्पादनमा लगानी गरी निर्यात गर्न सके नेपालले लाभ लिन सक्ने उनको भनाइ छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का नेता एवं परराष्ट्र मामिलाका जानकार डा राजन भट्टराईले अत्यन्त प्रतिकूल मौसमी वातावरण र सीमित जनशक्तिका बीचमा पनि मुलुकलाई समृद्धिमा लैजान सकिन्छ भन्ने बलियो उदाहरण कतारबाट सिक्न सकिने बताए। उनले भने, "कतार बहुआयामिक ढङ्गबाट अघि बढिरहेको छ, नेतृत्वदायी भूमिका खोजिरहेको र देखाइरहेको छ । मध्यपूर्वका मुलुकमा देखिएका विवाद समाधान गर्ने महत्त्वपूर्ण स्थान कतार बनेको छ।"

हमास र इजरायललगायत मध्यपूर्वी मुलुकमा देखिएका विवाद समाधानमा कतारले आफूलाई 'विश्व च्याम्पियन'का रूपमा अघि बढाउन खोजिरहेको दृष्टान्त दिंदै डा भट्टराईले हवाई यातायातको माध्यमबाट विश्वमा आफ्नो सम्पर्क सञ्जाल विस्तार गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय ट्रान्जिट हबका रूपमा विकास भइरहेको बताए ।

कतारका अमिरको भ्रमण कूटनीतिक हिसाबले नेपाल सकारात्मक बाटोतर्फ अघि बढिरहेको सङ्केत र उदाहरणका रूपमा रहेको उनको भनाइ

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# सर्लाहीमा आठ हजार बढी बालबालिका अझै विद्यालय बाहिर

बरहथवा (सर्लाही), १० वैशाख/रासस

राष्ट्रव्यापीरूपमा भर्ना अभियान सञ्चालन भइरहँदा सर्लाहीमा आठ हजार बढी विद्यालय उमेरका बालबालिका विद्यालयबाहिर रहेको पाइएको छ।




जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइको तथ्याङ्क अनुसार तीन हजार ७९७ जना बालिका र चार हजार ४८० जना बालक गरी आठ हजार २७७ जना विद्यालय उमेरका बालबालिका विद्यालयबाहिर छन्। विशेषगरी विपन्न, दलित तथा मुस्लिम समुदायका बालबालिका विद्यालयबाहिर रहेका शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्राविधिक सहायक सुनीलकुमार कुशवाहले जानकारी दिए।

तथ्याङ्क अनुसार जिल्लामा सबैभन्दा धेरै बरहथवा नगरपालिकामा विद्यालय उमेरका बालबालिका विद्यालय नजाने गरेको पाइएको छ। सबैभन्दा कम पर्सा गाउँपालिकाका बालबालिका विद्यालयबाहिर छन्। बरहथवा नगरपालिकामा पाँचदेखि १२ वर्ष उमेर समूहका ३६९ जना बालिका र ४६३ जना बालक गरी ८३२ बालबालिका विद्यालयबाहिर छन्।

यस्तै, सबैभन्दा कम पर्सा गाउँपालिकामा ११५ जना बालिका र १२७ जना बालक गरी २४२ जना बालबालिका विद्यालयबाहिर छन्। समाजमा अझै पनि धेरै अभिभावकमा बालबालिका पढाउनुपर्छ भन्ने चेतना नभएको पर्सा गाउँपालिका–१ स्थित प्राथमिक विद्यालयका शिक्षक रामनारायण रायले बताए। यसरी विद्यालयबाहिर रहेका बालबालिकालाई भर्ना अभियानमार्फत विद्यालयमा ल्याइने शिक्षक रायले बताए।

अन्य पालिकामा पनि विद्यालय उमेरका बालबालिका अझै विद्यालयबाहिर रहेको तथ्याङ्कले देखाएको छ। विशेषगरी गरीबी तथा चेतनास्तरको कमीका कारण बालबालिकालाई अभिभावकले विद्यालय नपठाउने गरेको पाइएको छ। धेरै अभिभावक इँटाभट्टालगायत स्थानमा मौसमी कामदारका रूपमा जाने गर्दा पनि बालबालिका विद्यालयबाहिर रहने गरेको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्रमुख रामवृक्ष महतोले बताए।

यसरी विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन जिल्लामा यतिबेला भर्ना अभियान चलिरहेको छ। विद्यालयका शिक्षकशिक्षिका व्यवस्थापन समितिका पदाधिकारीलगायतको उपस्थितिमा र्‍याली तथा घरदैलो कार्यक्रमसमेत सञ्चालन भइरहेको छ। अधिकांश पालिकाले यस वर्ष विद्यालय उमेरका बालबालिकालाई शतप्रतिशत विद्यालय भर्ना गरिने बताएका छन्।

# शिवमन्दिरमा प्राणप्रतिष्ठाको लागि कलशयात्रा

धर्मेन्द्र चौरसिया, पोखरिया, १० वैशाख/

पोखरियामा नवनिर्मित शिवमन्दिरको प्राणप्रतिष्ठानको लागि सोमवार कलशयात्रा निकालिएको छ।

पोखरिया नपा–४ बजारमा रहेको प्राचीन शिवमन्दिरमा भगवान् शिवको प्राणप्रतिष्ठाको लागि सोमवार पहिलो दिन कलशसहित पारम्परिक बाजा तथा विभिन्न देवदेवीको झाँकीसहितको शोभायात्रा निकालिएको थियो।

मन्दिर प्राङ्गणबाट बिहान १० बजे निकालिएको जलसहितको शोभायात्रा पोखरिया बजार हुँदै वडा नं ८ जगतपुरस्थित भेद्रहा खोलामा पुगी जल भरी फर्केको थियो। हजारौंको सङ्ख्यामा सहभागी कुमारी कन्या तथा भक्तजनहरू खोलाबाट जल भरी पुनः शिवमन्दिरमा पुगेका थिए।

प्राणप्रतिष्ठान कार्यक्रमको आज पहिलो दिन जलयात्रा भएको हो भने वैशाख १४ गते भगवान् शिवको प्राणप्रतिष्ठा हुने र वैशाख २० गते पूर्णआहुति हुने कार्यक्रम रहेको पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्नप्रसाद चौहानले बताए।


तस्वीर: प्रतीक

शोभायात्रामा पोखरिया नगरपालिकाका समाजसेवी वकील मियाँ, पूर्वनगरप्रमुख दीपनारायण रौनियार, वडाध्यक्षहरू नौशाद आलम, किशोरी साह, समाजसेवी सुमित साह गोड, सन्तोष महतोलगायत स्थानीय दाताहरूले बाटोमा चीसो पानी, फ्रूटी, फलफूल, सर्बतलगायतका पेय पदार्थ वितरण गरेका थिए।

नगरपालिकाको आयोजनामा निकालिएको कलशसहितको शोभायात्रामा नगरप्रमुख प्रद्युम्नप्रसाद चौहान, उपप्रमुख रूबीकुमारी ठाकुर, पूर्वनगरप्रमुख दीपनारायण रौनियार, निमित्त प्रमुख प्रशासकीय अधिकृत अजयकुमार श्रीवास्तव, संविधानसभा सांसद रामेश्वरप्रसाद रौनियार, वडाध्यक्ष प्रमोद गिरी, केदार महतो चाई, रामप्रवेशप्रसाद चौहान, लक्ष्मण साह कानू, महेन्द्र महतो चाई, सियानन्दप्रसाद चौहान, प्रमानन्दप्रसाद पटेल, किशोरी साह तेली, नौशाद आलम, सोनालाल साह गोड, नेता नेजामुद्दीन समानीलगायतको सहभागिता थियो।

# पुरुषको मलद्वारमा बोतल अड्किएको देखिएपछि ...

गोरखा, १० वैशाख/रासस

गोरखाका एक पुरुष आफ्नो स्वास्थ्यमा समस्या देखिएपछि आइतवार उपचारका लागि गोरखा अस्पतालको आकस्मिक कक्षमा पुगे। अस्पतालको आकस्मिक कक्षमा कार्यरत चिकित्सिकको टोलीले रोगको पहिचानका लागि परीक्षण गर्न शुरू गरे। उपचारका लागि आएका पुरुषको जाँचका क्रममा भिडियो एक्स–रे गरेर हेर्दा स्वास्थ्यकर्मी त्यति बेला अचम्ममा परे जतिबेला उपचारका लागि आएका गोरखा नगरपालिका–३ नारेश्वरका ५७ वर्षीय ती पुरुषको मलद्वारमा धातुको बोतल अड्किएको देखियो।

मलद्वारमा बोतल देखिएपछि चिकित्सकले सोधपूछ गर्दा एक महीनादेखि नै मलद्वारमा बोतल अड्किएको रहस्य खुल्यो। समस्याको पहिचान भएपछि बिरामीलाई तुरुन्तै अस्पतालको शल्यक्रिया कक्षमा राखेर दूरबिनबाट हेर्दा आन्द्राका अन्य भागमा सङ्क्रमण नफैलिएको पत्ता लागेपछि शल्यक्रिया गरेर ती पुरुषको मलद्वारमा अड्किएको धातुको बोतल निकालिएको गोरखा अस्पतालका सूचना अधिकारी लिपासा श्रेष्ठले जानकारी दिइन्।

"ती पुरुषको मलद्वारमा विगत एक महीनादेखि कीटनाशक औषधिको बोतल अड्किएको रहेछ," उनले भनिन्, "जब उपचारका लागि आइतवार बिहान १० बजे अस्पतालको आकस्मिक कक्षमा आएँ, त्यहाँ एक्स–रे गरेर हेर्दा मलद्वारमा बोतल देखिएपछि तत्काल शल्यक्रिया गरेर निकालिएको हो।"

मलद्वारमा बोतल अड्किएर उनको ठूलो आन्द्रासमेत अवरुद्ध भई सङ्क्रमण शरीरमा फैलिसकेको अवस्थामा चिकित्सकले शल्यक्रिया गरी बोतल निकालेका हुन्। अस्पतालका सर्जनद्वय डा जीतेन्द्रकुमार सिंह र डा विश्वराज खड्का तथा एनेस्थेसियोलोजिस्ट डा शम्भु अधिकारीलगायतका चिकित्सकको टोलीले पुरुषको मलद्वारको सफल शल्यक्रिया गरेको उनले बताइन्।

चिकित्सकले तीन घण्टा लगाएर गरिएको शल्यक्रियाबाट पुरुषको मलद्वारबाट १० सेन्टिमिटर लम्बाइ र ७.८ सेन्टिमिटर गोलाइको डब्बा निकालिएको हो। ती पुरुषको मलद्वारमा बोतल कसरी अड्कियो भन्नेबारेमा भने खुल्न बाँकी रहेको अस्पतालले जनाएको छ। शल्यक्रियापश्चात् बिरामीको अहिले अस्पतालको सघन उपचार कक्षमा राखेर उपचार भइरहेको सूचना अधिकारी श्रेष्ठले जानकारी दिइन्।

# पर्यटकको रोजाइमा हात्तीदह सिमसार

सिराहा, १० वैशाख/रासस

दुई वर्ष अघि 'कोइराली खोला नमूना सामुदायिक वन' भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी 'इको टुरिज्म' विकास गरिएपछि सिरहाको लहान नगरपालिका–१५ स्थित 'हात्तीदह सिमसार' क्षेत्र पर्यटकको रोजाइमा पर्न थालेको छ। विसं २०८० मा एक लाख २५ हजार आन्तरिक तथा बाह्य पर्यटकले यस क्षेत्रको अवलोकन भ्रमण गरेका छन्।

हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र संरक्षण तथा सञ्चालक समितिका अध्यक्ष रुद्रनारायण चौधरीले सिमसार क्षेत्र संरक्षण गरी पर्यटकीय क्षेत्र विकास गरेको छोटो समयमैं आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको बताए।

"छोटो समयमैं आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको छ। यसले हामीलाई उत्साहित बनाएको छ"–अध्यक्ष चौधरीले भने–"आगामी दिनमा यसलाई थप व्यवस्थित बनाउँछौं।"

डिभिजन वन कार्यालय, लहानको जैविक विविधता साथै पर्यापर्यटनका लागि सहयोग, लहान नगरपालिकाले सडक बाटो निर्माण तथा मरम्मत, दिवङ्गत नेता प्रदीप गिरीको सङ्घीय संसदीय विकास कोषबाट खानेपानी टङ्की निर्माण, वडा नं १५ ले विद्युतीकरण र खानेपानी धारा जडान, बृहत् जलाधार व्यवस्थापन कार्यालय उदयपुर र राष्ट्रपति चुरे संरक्षण विकास कार्यालयले वनभोजस्थल निर्माण र पर्यापर्यटन प्रवर्द्धन गर्न सहयोग गरेपछि यस क्षेत्रको विकास सम्भव भएको अध्यक्ष चौधरीले जानकारी दिए।



तस्वीर: रासस

चुरे पर्वतको फेदमा हरियाली वनजङ्गल, बीचमा 'बोटिङ'सहितको स्वच्छ र सफा पोखरी, उद्यान निर्माण, चीसो हावापानी र शान्त वातावरणले पर्यटकलाई आकर्षित गरेको छ। यसैगरी फूलको बगैंचा, बालबालिकाका लागि उद्यान, प्राणी उद्यान केन्द्रलगायत संरचना यहाँ निर्माण गरिएका छन्। करीब ५६ हेक्टरमा फैलिएको लहान–१५ ढोडनास्थित 'कोइराली समुदायिक वन'मध्ये पाँच हेक्टर सिमसार क्षेत्रलाई संरक्षण गरी पर्यटकीय गन्तव्य बनाइएको हो।

आगामी दिनमा पर्यटकलाई थप आकर्षित गर्न साहसिक पर्यापर्यटन, सामुदायिक होमस्टे (घरवास) प्रवर्द्धन, घोडा सवारी, पोखरीमाथि पुल निर्माण तथा सूचना केन्द्र स्थापना गर्ने योजना रहेको अध्यक्ष चौधरीले जानकारी दिए। पर्यटकीय क्षेत्रको आन्तरिक आम्दानीबाट ३८ जनाले रोजगार पाएका छन्।

नजीकै रहेको प्रसिद्ध राजदेवी मन्दिरलाई पनि जोडेर यस क्षेत्रको एकसाथ विकास गर्न स्थानीय तह लागिपरेको लहान नगरप्रमुख महेशप्रसाद चौधरीले बताए। सिमसार पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिएर थप पूर्वाधार निर्माणमा जोड दिने उनले बताए।

# भत्किएको कल्भर्टको कारण दुर्घटनाको सम्भावना

प्रस, परवानीपुर, १० वैशाख/

वीरगंज–१२ मुर्लीस्थित कृषि सामग्री कम्पनीको अगाडि रहेको कल्भर्ट दुई महीनादेखि भत्किंदा मरम्मतसम्भारमा गम्भीरता देखिएको छैन।

वडा नं १२ कार्यालय एवं वडाध्यक्ष सुरेश साह कानूको उदासीनताका कारण सो कल्भर्टको बिर्को मरम्मत नहुँदा दुर्घटनाको जोखिम बढेको छ। मुर्लीमा प्रवेश गर्ने राजमार्गसँग जोडिएको सो कल्भर्टको मरम्मत नहुँदा कुनै पनि बेला दुर्घटनाको जोखिम बढ्ने टोलवासीले बताएका छन्।


तस्वीर: प्रतीक

यस विषयमा वडाध्यक्ष कानूले मरम्मतको प्रयास गरिरहेको र वडाका विभिन्न स्थानका नाला तथा कल्भर्टको मरम्मत गर्न करीब रु १० लाख लागतको स्टिमेट बनाएर नगरपालिकासँग बजेट माग गरेको बताए। उनले बजेट आएपछि तत्कालै मरम्मत कार्य गर्ने बताए।



**रुद्रकली–** कतारी अमिरलाई उपहार दिइने हात्ती। चितवन राष्ट्रिय निकुञ्जको सौराहा सेक्टर कार्यालयको हात्तीसारमा रहेकी पोथी छावा रुद्रकली। मङ्गलवारदेखि हुने कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानीको नेपाल भ्रमणका क्रममा 'रुद्रकली' र 'खगेन्द्रप्रसाद' नामका दुई हात्ती उपहार दिने तयारी गरिएको छ।
तस्बिरः कृष्ण आचार्य/रासस

# श्रीसिया आधारभूत विद्यालयको घरदैलो

प्रस, परवानीपुर, १० वैशाख/

वीरगंज महानगर–२५ श्रीसिया आदर्शचोकस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय श्रीसियाले घरदैलो कार्यक्रम गरेको छ।

वीरगंज महानगरपालिकाको निर्देशन अनुसार वैशाख १५ गतेसम्म विद्यार्थी भर्ना अभियान प्रभावकारीरूपमा अगाडि बढाउने उद्देश्यका साथ घरदैलो कार्यक्रम आयोजना गरिएको प्रधानाध्यापिका अञ्जु साहले बताइन्। शिक्षकशिक्षिकाहरूले आज श्रीसिया गाउँका घरघरमा पुगेर अभिभावकसँग विद्यार्थी भर्ना खुला भएको जानकारी गराउँदै भर्नाका लागि अपील गरेका थिए।


तस्वीर: प्रतीक

विद्यालय उमेरका बालबालिकाहरू कोही पनि नछुटून् र विद्यालय छाडेका विद्यार्थीहरूसमेतलाई पठनपाठनसँग जोड्नको लागि घरदैलोमार्फत अभिभावकहरूसँग आग्रह गरिएको थियो। करीब २०० भन्दा बढी घरधुरी रहेको सो गाउँका अभिभावकहरूसँग विद्यार्थी भर्नाको लागि आग्रह गरिएको थियो।

# जोखिममा हिमताल, सावधानीको खाँचो

रामबहादुर थापा
गण्डकी, १० वैशाख/रासस

मनास्लु हिमालको काखमा रहेको वीरेन्द्र हिमतालमा आइतवार बिहान हिमपहिरो खस्यो। हिमपहिरोका कारण तालको सतह भरिएर पानी बाहिर बग्न थालेपछि बुढीगण्डकी नदीमा बाढी आउने भयले तटीय क्षेत्रका बासिन्दा त्रसित बने। गृह मन्त्रालयदेखि वडा कार्यालयसम्मले सतर्कता अपनाउन सर्वसाधारणलाई सूचित गरे।

तस्वीरः रासस



वीरेन्द्र हिमतालसम्बन्धी खबरले दिनभरजसो सञ्चारमाध्यममा राम्रो स्थान पायो। केही अनलाइन समाचार पोर्टल र सामाजिक सञ्जालमा त हिमताल नै फुटेको अपुष्ट विवरण पनि सार्वजनिक भए। सम्बन्धित क्षेत्रका विज्ञलगायत सरोकार भएका पक्षसम्मको ध्यान वीरेन्द्र हिमतालले तान्यो।

मनाङको चुमनुव्री गाउँपालिकाका अध्यक्ष निमा लामाका अनुसार हिमताल फुटेको नभई हिमपहिरो खस्दा तालको पानी छचल्किएर बाहिर बगेको हो।

"तालको पानी बग्न थालेपछि तल्लो क्षेत्रमा पानीको बहाव केही बढेको हो, क्षति हुनेगरी कुनै त्यस्तो घटना भएन, साँझसम्म अवस्था सामान्य भइसकेको थियो"–उनले भने–"हिमताल नै फुटेको भए ठूलो विपत् निम्तने खतरा हुन्थ्यो।" सुक्खायाममा हिमपहिरो खस्नु सोचनीय विषय भने भएको अध्यक्ष लामाले बताए। हिमतालले निम्त्याउने सम्भावित जोखिमबारे आइतवारको घटनाले झक्झकाएको उनले बताए।

"हिमाली क्षेत्रमा निम्तिन सक्ने प्राकृतिक विपद् रोकथाम र जोखिम न्यूनीकरणमा सरकारको विशेष ध्यान जानु जरूरी छ"–अध्यक्ष लामाले भने–"भोलिका दिनमा हिमनदी र हिमतालकै कारण हिमाली भेगमा अप्रत्याशित घटना नहोला भन्न सकिन्न।" उनले पछिल्लो समय मनास्लु क्षेत्रमा सानाठूला हिमपहिरोका घटना भइरहेको बताए।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का जलवायु परिवर्तन तथा वातावरण सल्लाहकार डा पपुलर जेन्टलले हिमतालको जोखिम कम आँक्न नहुने धारणा राखे। "पर्याप्त सावधानी र जोखिम न्यूनीकरणमा ध्यान दिन नसकिए अकल्पनीय प्राकृतिक विपत् झेल्नुपर्छ"–उनले भने–"जलवायु परिवर्तनको सबैभन्दा ठूलो असर हिमालय क्षेत्रमा परेको छ, हिमपहिरोका घटना बढिरहेका छन्।"

उनले हिमनदी र हिमतालहरू पृथ्वीका लागि पानीको स्रोत भएकाले तिनलाई जोगाउनुपर्ने बताए। सन् २०१५ मा भएको 'पेरिस सम्झौता'मा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धीका पक्ष राष्ट्रहरूले विश्वव्यापी तापक्रम वृद्धिलाई १.५डिग्री सेल्सियसमा सीमित पार्ने सहमति गरे पनि हिमालय क्षेत्रको तापक्रमले उक्त तह पार गरिसकेको डा जेन्टलले बताए।

"विश्वव्यापीरूपमा भइरहेको तापमान वृद्धिको सीधा असर हिमाल र सो क्षेत्रको पर्यावरणमा परेको छ, हिमतालहरू जोखिममा रहेको विषयलाई हामीले जोडका साथ उठाइरहेका छौं, सरकार यसतर्फ संवेदनशील भएर लाग्नुपर्ने आवश्यकता छ"–उनले भने–"हिमतालमा पूर्वसूचना प्रणाली विकास गर्नुपर्छ, समुदायस्तरमा सचेतनाका कार्यक्रम चलाउनुपर्छ।"

जलवायुविज्ञ डा विमल रेग्मीले हिमालय क्षेत्रमा देखिएको पर्यावरणीय असुन्तलनसँग जलवायु परिवर्तनको प्रत्यक्ष सम्बन्ध रहेको बताए। "विश्वव्यापी तापक्रम वृद्धिका कारण हिउँ र हिमनदी पग्लने क्रम तीव्र छ, जसका कारण हिमतालको सतह बढिरहेको छ, नयाँ–नयाँ ताल बनेका छन्"–उनले भने–"जलवायु परिवर्तनका कारण हिमालय क्षेत्र बढी प्रभावित छ, यहाँ निम्तने प्राकृतिक विपद्ले उपल्लो र तल्लो तटीय क्षेत्रमा कुनैपनि बेला ठूलो विनाश ल्याउन सक्छ।"

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले संयुक्त रूपमा गरेको अध्ययनले नेपालका २१ हिमताल जोखिममा रहेको देखाएको डा रेग्मीले बताए। "जोखिममा रहेका २१ मध्ये केही हिमताल उच्च जोखिममा छन्, अध्ययनले ती हिमताल सम्भावित विस्फोटको खतरामा रहेको औंल्याएको छ"–उनले भने–"भविष्यमा आउन सक्ने विपत्को सामना गर्नका लागि आवश्यक तयारी र पूर्वसचेतना अपनाउनु आवश्यक छ।" उक्त अध्ययन अनुसार नेपालमा दुई हजार ८६ हिमताल रहेको पाइएको छ। डा रेग्मीले उच्च जोखिम पहिचान गरिएका हिमतालको नियमित अध्ययन र अनुगमन हुनुपर्ने बताए। हिमताल रहेका क्षेत्रमा पूर्वसूचना प्रणाली जडान गर्नुपर्ने उनको भनाइ छ। "मानिस पुग्न नसक्ने ठाउँमा स्याटेलाइट, राडारजस्ता प्रविधिमार्फत हिमतालको नियमित अनुगमन र अध्ययन गर्नुपर्छ"–डा रेग्मीले भने–"फुट्ने जोखिममा रहेका हिमतालको पानीको सतह घटाउनुपर्छ।"

दोलखाको च्छो रोल्पा र सोलुखुम्बुको इम्जा हिमतालमा पानीको सतह घटाएर जोखिम न्यूनीकरण गरिएको उदाहरण दिंदै अन्य हिमतालको जोखिमलाई पनि त्यसैगरी कम गर्न सकिने उनले बताए। "हिमतालको सतह घटाउने परियोजना निकै महँगो भएपनि सरकारले दातृ निकायसँग मिलेर यो काम गर्न सक्छ"–उनले भने–"हिमालय क्षेत्रमा खतराको घण्टी बजिरहेकोले सङ्कटको सामना गर्नका लागि तयार रहनुको विकल्प छैन।"

'इसिमोड' र 'युएनडिपी'को अध्ययन अनुसार च्छो रोल्पा, इम्जा, मनास्लु हिमशृङ्खलाको ठुलागी, वरुण, चामलाङलगायत हिमताल उच्च जोखिममा छन्। माटो, बालुवा र गेग्रानसहितको संवेदनशील भूगोलमा हिमतालहरू रहेकाले जुनसुकै बेला हिमताल फुट्ने र बाढीपहिरोको रूप लिन सक्ने डा रेग्मीले बताए। "स्थानीय बासिन्दामा पनि यसबारे जनचेतना अभिवृद्धि गराउनु आवश्यक छ, नदी छेउछाउको बसोवासलाई अन्यत्रै पुनःस्थापना गर्नुपर्छ"–उनले भने।

विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमालय क्षेत्रमा सङ्कट गहिरिंदै गएको डा रेग्मीले बताए। अहिलेकै गतिमा हिउँ पग्लिँदै गएमा आउँदा केही दशकमा नेपालका हिमालहरू कालापत्थरमा परिणत हुने उनको भनाइ छ। विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित पार्दा पनि यही शताब्दीको अन्त्यसम्म हिन्दुकुश–हिमालय क्षेत्रको ३६ प्रतिशत हिउँ भण्डार रित्तिने (इसिमोड)को अध्ययनले देखाएको डा रेग्मीले बताए।

"अहिले नै विश्वव्यापी तापक्रम १.१ डिग्री सेल्सियसले वृद्धि भइरहेको छ, पृथ्वीको तापमान दुई डिग्री बढ्ने हो भने हिमालय क्षेत्रको आधा हिउँ सकिने उक्त अध्ययनको निचोड छ"–डा रेग्मीले भने–"हरित ग्याँस उत्सर्जनलाई नियन्त्रण गर्न विश्वले उपयुक्त कदम नचाल्ने हो भने हिमालय क्षेत्रमा गम्भीर सङ्कट निम्तने खतरा छ, कुनै दिन हिमालको अस्तित्व नै नासिन सक्छ।"

पृथ्वीको तापमान बढ्नुको मुख्य कारण हरित ग्याँसको उत्सर्जन रहेको डा रेग्मीको भनाइ छ। "तापमान वृद्धिका कारण निम्तिएको जलवायु सङ्कटको ठूलो मार हिमालय क्षेत्रमा परिरहेको छ"–उनले भने–"हिमालय क्षेत्रको तापक्रम अन्य क्षेत्रको भन्दा पाँच गुणा बढी अर्थात् बर्सेनि ०.००६ प्रतिशतले बढिरहेको छ।"

## हिमपहिरोले असन्तुलित बनेको वीरेन्द्र ताल सामान्य अवस्थामा फर्कंदै

मनास्लु हिमालबाट हिमपहिरो खसेर असन्तुलित बनेको उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका–१ स्थित सामागाउँमा रहेको वीरेन्द्र ताल बिस्तारै सामान्य अवस्थामा फर्कन थालेको छ।


आइतवार बिहान ठूलो हिमपहिरो तालमा खसेपछि तालको पानी 'ओभरफ्लो' भएर असन्तुलित बनेको थियो। "हिम पहिरोबाट तालको पानी बाहिर निस्केर बुढीगण्डकी नदीमा मिसिएको थियो"–प्रमुख जिल्ला अधिकारी भोला दाहालले भने–"अहिले अवस्था सामान्य छ, ताल सामान्य अवस्थामा फर्कंदै गएको छ।"

उनले ताल नजीक बस्ती नभएका कारण हिमपहिरो खसेर असन्तुलित बनेको तालले कुनै ठूलो भौतिक तथा मानवीय क्षति नभएको बताए। हिमालबाट तालमा पहिरो खस्ने क्रमसमेत रोकिएको प्रमुख जिल्ला अधिकारी दाहालको भनाइ छ।

"तालको पानी ओभरफ्लो भएर बुढीगण्डकी नदीमा पानीको बहाव बढ्दा तालबाट करीब आधा घण्टाको दूरीमा रहेको सामागाउँबाट साम्दोसम्म जाने बाटोको बीचमा पर्ने एउटा पुरानो काठ पुल बगाएको छ"–उनले भने–"त्यसबाहेक अन्य कुनै मानवीय र भौतिक क्षति भएको छैन, पहिरो खस्ने क्रमसमेत रोकिइसकेको छ।"

प्रमुख जिल्ला अधिकारी दाहालले सुरक्षाकर्मीले तालको पानी गहिरो बनाएर निष्कासन गरेको बताए। सम्भावित जोखिम न्यूनीकरणका लागि सुरक्षा निकायलाई सतर्क रहन निर्देशन दिइएको उनको भनाइ छ। मनास्लु हिमालको काखैमा रहेको वीरेन्द्र तालमा आइतवार ठूलो हिमपहिरो खसेको थियो।

हिमपहिरो खसेपछि बुढीगण्डकी नदीमा पानीको बहाव बढेकोले जिल्ला प्रशासन कार्यालयले बुढीगण्डकी नदी आसपासका क्षेत्रका बासिन्दालाई सुरक्षित रहन तथा नदी वरपर नजान अनुरोध गरेको थियो।



**सिंजा उपत्यकाको धानबालीः** कर्णाली करिडोरको बीचमा पर्ने जुम्लाको कनकान्दरी गाउँपालिकास्थित सिंजा उपत्यकामा लगाइएको धानबाली। ऐतिहासिक महत्त्व रहेको सिंजा खस सभ्यता तथा हिन्दू संस्कृतिको अनुपम सङ्गम स्थलको रूपमा रहेको छ। तस्बिरः हेमन्त केसी/रासस

## फरक समाचार

# अन्तरिक्षमा पुग्ने एकमात्र सिरियाली नागरिक

'अरब दुनियाँको आर्मस्ट्रङ' भनेर चिनिने मुहम्मद फारिस रहेनन्। ७२ वर्षको उमेरमा टर्कीमा निर्वासनमा रहँदा उनले अन्तिम सास फेरे। फारिस सन् १९८७ मा अन्तरिक्ष यात्रा गर्ने पहिलो सिरियाली अन्तरिक्षयात्री भएका हुन्।



उनीपछि आजसम्म अरू कुनै सिरियालीले यो गर्न सकेको छैन। सिरियाको ख्याति अन्तरिक्षमा ल्याउने फारिस आफ्नै देशमा मरेनन्। उनी विगत १२ वर्षदेखि शरणार्थीको रूपमा टर्कीमा बस्दै आएका थिए। उनलाई एक महीना अघि हृदयघात भएको थियो र त्यस बेलादेखि उनलाई सन्चो थिएन। सिरियाली वायुसेना पाइलटको रूपमा फारिसले आठ दिन अन्तरिक्षमा बिताए। उनी सोभियत सङ्घको इन्टरकोसमस अन्तरिक्ष उडान कार्यक्रमको अङ्ग थिए। रूसी टोलीसँग मीर अन्तरिक्ष स्टेशनमा उड्नेबित्तिकै फारिसको नाम इतिहासमा लेखिएको थियो। उनी रूसी अन्तरिक्ष उडानमा पहिलो विदेशी यात्री बनेका थिए।

फारिसभन्दा पहिले अरब देशका एकजना मात्रै अन्तरिक्षमा गएका थिए। फारिस अरब संसारमा अन्तरिक्षमा जाने पहिलो व्यावसायिक अन्तरिक्ष यात्री थिए। यस अघि साउदी अरबको शाही परिवारका सुल्तान बिन सलमान अल साउद अन्तरिक्ष यात्रामा गएका थिए।

१९८७ मा जब मुहम्मद फारिसले आफ्नो ऐतिहासिक उडान गरे, पूरै सिरिया उनलाई हेर्न टिभीमा टाँसिएको थियो। सिरियाका पूर्व राष्ट्रपति हाफिज अल–असदले फारिससँग फोनमा कुरा गरे। कुराकानी सरकारी टेलिभिजनमा प्रत्यक्ष देखाइएको थियो। असदले फारिसलाई सोधे– तिमीले के देख्यौं? फारिसले जवाफ दिए, मैले आफ्नो प्यारो देश देखें। मलाई यो सुन्दर र अद्भुत लाग्यो। फारिसले धेरै सुन्दर कुरा भनेका थिए। फारिसले सुन्दर कुरा गरेका थिए तर हाफिजलाई यो अस्वीकार थियो कि उनीबाहेक अरू कोही लोकप्रिय बनोस्। सन् २०२३ को अल–जजीरा डकुमेन्ट्रीमा फारिसले फोन कलको क्रममा पूर्व–लिखित भाषण नपढेको बताए। यो देखेर हाफिज रिसाए। सिरिया फर्केपछि जनताले फारिसको उत्साहपूर्वक स्वागत गऱ्यो तर हाफिजले आफ्नो असन्तुष्टि व्यक्त गरे। सामान्यतया, पदक राष्ट्रपतिद्वारा लगाइन्छ तर फारिसलाई डिब्बामा पदक दिइएको थियो।

सन् २०१६ मा 'द गार्जियन' सँगको अन्तर्वार्तामा फारिसले सिरियामा अन्तरिक्ष यात्रीहरूको सेना खडा गर्न चाहेको बताएका थिए। फारिसका अनुसार उनले राष्ट्रपतिलाई राष्ट्रिय अन्तरिक्ष कार्यक्रममा लगानी गर्न आग्रह गरेका थिए। तर हाफिजले फारिसको कुरा सुनेनन्। राष्ट्रपतिको नजरको कसिङ्गर बनेका फारिस बिस्तारै सीमान्तकृत भए। एक समय उनलाई लडाकू विमान उडान गर्न क्याडेटहरूलाई प्रशिक्षण दिने जिम्मेवारी दिइएको थियो। फारिस अन्ततः जनरल को दर्जामा सेवानिवृत्त भए।

हाफिजको मृत्युपछि उनका छोरा बसर अल–असद राष्ट्रपति बने। सोही अवधिमा सिरियामा क्रान्ति शुरू भयो, त्यसको समर्थनमा फारिस थिए। सिरियाली सरकारको खुलेर विरोध गर्दै उनले सन् २०१२ मा सिरिया छोड्ने निर्णय गरे। उनी टर्कीमा सरे र आफ्नो मृत्युसम्म त्यहाँ रहे। सन् २०२० मा फारिसले टर्कीको नागरिकता पाएका थिए।

# पारिजातको पातले रोगबाट बचाउँछ

पारिजातको बोटलाई सनातन संस्कृतिमा अति पवित्र मानिन्छ, यो फूलमा अचम्मको सुगन्ध हुन्छ। पूजाआजामा पारिजातको फूलको प्रयोग गरिन्छ। दिनको सट्टा राति फुल्छ र सुगन्ध फैलाउँछ। त्यसैले यसलाई रातको रानी (नाइट फ्लावरिङ जैस्मिन) पनि भनिन्छ। भारतका प्रसिद्ध आहारविद् आयुषी यादव यसको पातले हाम्रो स्वास्थ्यका लागि धेरै फाइदा पुऱ्याउने बताउँछिन्।



**१. प्रतिरक्षा बुस्टर**ः प्रायः मौसम परिवर्तनका कारण भाइरल सङ्क्रमणको जोखिम बढ्दै जाँदा रूघाखोकी लाग्ने गर्छ। यसबाट जोगिनको लागि पारिजातका १० वटा पात लिनुहोस् र यसलाई एक गिलास पानी राखेर मिक्सरमा पिस्नुहोस्। एक घण्टापछि यो मिश्रण पिउनुहोस्।

**२. गठिया (बाथ)** : बढ्दो उमेरसँगै गठिया हुन्छ। आजभोलिका युवालाई पनि यो समस्याले सताउँछ। यस्तो अवस्थामा पारिजातको पातबाट आवश्यक तेल निकाल्नुहोस् र त्यसमा केही थोपा नरिवलको तेल हाल्नुहोस्। त्यसपछि यो तेल दुख्ने ठाउँमा लगाउनुहोस्।

**३. मधुमेह**ः मधुमेहका रोगी हरेक पल आफ्नो स्वास्थ्यबारे चिन्तित हुन्छन्, यस्तो अवस्थामा पारिजातको पातको मदत लिन सकिन्छ। यसमा एन्टी–डायबेटिक गुण हुन्छ, जसले उच्च रक्तचाप नियन्त्रण गर्न मदत गर्छ तर, चिकित्सकको सल्लाहमा मात्रै यसो गर्नुहोला।

**४. कपाल**ः अहिलेको युगमा अस्वस्थकर खानपान, प्रदूषण र केमिकलमा आधारित हेयर प्रोडक्टको प्रयोगले गर्दा कपाल झर्ने समस्या हुन्छ। कमजोर कपाल, सेतो कपाल र कपाल झर्ने समस्याबाट अधिकांश पीडित छन्। पारिजातको पातबाट बनेको काढा पिउनाले कपाल कालो, बाक्लो र चम्किलो हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इन्टेलद्वारा सबैभन्दा ठूलो 'न्यूरोमोर्फिक प्रणाली' निर्माण

लस एन्जल्स, १० वैशाख/सिन्हवा

इन्टेलले भविष्यको मस्तिष्कबाट प्रेरित कृत्रिम बौद्धिकता (एआई) को अनुसन्धानलाई समर्थन गर्न विश्वको सबैभन्दा ठूलो 'न्यूरोमोर्फिक प्रणाली' निर्माण गरेको छ।


कोड–नाम 'हाला प्वाइन्ट' रहेको ठूलो स्केलको न्यूरोमोर्फिक प्रणाली शुरूमा न्यूमेक्सिकोको सान्डिया राष्ट्रिय प्रयोगशालाहरूमा तैनाथ गरिएको थियो। यसले सूचना प्रशोधनमा मानव मस्तिष्कको नक्कल गर्छ।

हाला प्वाइन्टले १० गुणा बढी न्यूरोन क्षमता र १२ गुणा उच्च कार्यसम्पादन हासिल गर्न वास्तुकलामा सुधार तथा इन्टेलको पहिलो पुस्ताको ठूला–ठूला अनुसन्धान प्रणाली 'पोहोइकी स्प्रिङ्स'लाई अगाडि बढाउँछ।

सान्डिया राष्ट्रिय प्रयोगशालाका अन्वेषकहरूले उन्नत ब्रेन–स्केल कम्प्युटिङ अनुसन्धानका लागि हाला प्वाइन्ट प्रयोग गर्ने योजना बनाएका छन्। यो उपकरण भौतिकी, कम्प्युटर वास्तुकला, कम्प्युटर विज्ञान र सूचना विज्ञानमा वैज्ञानिक कम्प्युटिङ समस्याहरू समाधान गर्नमा केन्द्रित रहनेछ।

"आज एआई मोडेलहरूको कम्प्युटिङ लागत दिगो दरमा बढ्दै गएको छ। उद्योगलाई आधारभूतरूपमा मापन गर्न सक्षम नयाँ दृष्टिकोण चाहिन्छ," न्यूरोमोर्फिक कम्प्युटिङ ल्याब इन्टेलका निर्देशक माइक डेभिसले भने, "हामीले हाला प्वाइन्ट विकास गरेका छौं, यसले उपन्यास मस्तिष्क–प्रेरित सिकाइ दक्षता संयोजन गर्छ।"

उसले हाला प्वाइन्टसँगको अनुसन्धानले ठूलो स्तरको एआई प्रविधिको दक्षता र अनुकूलनतालाई अगाडि बढाउने आशा गरिएको बताए। रासस




## हिंसा भएपछि उत्तरपूर्वी भारतका केही स्थानमा पुनः मतदान

गुवाहाटी (भारत), १० वैशाख/एपी

गत साता हिंसाका कारण मतदानमा अवरोध पुगेपछि उत्तरपूर्वी भारतीय राज्यमा केही मतदान स्थलमा मतदाताहरू सोमवार कडा सुरक्षाका बीच मतदानमा फर्केका छन्।

शुक्रवार राष्ट्रिय निर्वाचनमा मतदानको पहिलो दिन हतियारधारीहरूले मणिपुर राज्यका करीब तीन हजार मतदान केन्द्रमध्ये ११ को चुनावी मेशीनमा क्षति पुऱ्याएपछि भारतीय निर्वाचन अधिकारीहरूले ती मतदान केन्द्रको परिणाम रद्द गरेका थिए।

राज्य अधिकारीहरूका अनुसार कम्तीमा छवटा मतदान केन्द्रमा सशस्त्र व्यक्तिहरूले मत हाल्न प्रयोग गरिने इलेक्ट्रोनिक भोटिङ मेशीन तोडेका थिए।

सन् २०२३ देखि मणिपुर राज्य दुई प्रमुख जातीय समूहबीचको जातीय हिंसाले आक्रान्त छ। भीडले गाउँगाउँमा तोडफोड गर्दै आगो लगाएपछि करीब २०० मानिस मारिएका छन् भने ६० हजारभन्दा धेरै विस्थापित भएका छन्।

क्रिश्चियन कुकीहरूले कुकी तथा अन्य जनजाति समूह बसोवास गर्ने पहाडहरूमा जग्गा किन्न दिने विशेष दर्जाका लागि अधिकांश हिन्दू मेइटीहरूको मागको विरोध गरेपछि अशान्ति भडकेको थियो। म्यान्मारसँग भारतको सीमामा रहेका पहाडहरूमा ३७ लाख मानिस बसेको राज्य मणिपुरमा सेनाको उपस्थिति भए पनि झडप भइरहेका छन्।

भारतमा विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक निर्वाचन शुक्रवारदेखि शुरू भएको छ। निर्वाचनमा २१ राज्यका लाखौं मतदाताले मत खसालेका छन्। छ सातासम्म चल्ने बहुचरणको निर्वाचनमा लोकप्रिय प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो सीधा कार्यकालको खोजीमा हिन्दू राष्ट्रवादलाई मूलधार बनाएका छन्। मतगणना जून ४ मा हुनेछ।

मुख्य विपक्षी काङ्ग्रेस पार्टीले शुक्रवार मणिपुरमा मतदानमा धाँधली भएको भन्दै ४७ मतदान केन्द्रमा पुनः मतदानको माग गरेको थियो। यस अघि सोही दिन मणिपुरमा सशस्त्र समूहरूबीच झडप भएको थियो। हिंसा भए पनि उक्त राज्यमा ६६.५ प्रतिशत मतदान भएको छ। मणिपुरका अन्य भागमा अप्रिल २६ मा दोस्रो चरणको मतदान हुनेछ। रासस

## सिङ्गापुर शिखर सम्मेलनमा शिक्षण सुधारका लागि छलफल

सिङ्गापुर, ९ वैशाख/सिन्हवा

वरिष्ठ शिक्षा अधिकारीहरू र शिक्षक प्रतिनिधिहरूले सोमवारदेखि बुधवारसम्म सिङ्गापुरमा हुने विश्वव्यापी शिखर सम्मेलनमा शिक्षण पेशालाई सुदृढ पार्ने र विद्यार्थीहरूको उपलब्धि बढाउने उपायहरूबारे व्याख्या गर्नेछन्।

सिङ्गापुरका शिक्षामन्त्री चान चुन सिङले शिक्षण पेशासम्बन्धी १४औं अन्तर्राष्ट्रिय शिखर सम्मेलनको उद्घाटन समारोहमा भने–"प्राविधिक आविष्कार र जीवनभर सिकाइको आवश्यकता लगायत आधारभूत परिवर्तनहरूले आगामी वर्षमा शिक्षालाई आकार दिनेछ।"

उनले शिक्षा क्षेत्रलाई सिकाइको विज्ञान अँगाल्न, सिकाइका लागि बलियो सामाजिक र पारिवारिक वातावरण निर्माण गर्न तथा मागसँग मेल खाने भविष्यका सीपहरू पहिचान गर्न आह्वान गरे।

'पुनःपरिकल्पना गर्ने शिक्षा, सम्भाव्यताको अनुभूति' भन्ने विषयवस्तुमा केन्द्रित कार्यक्रममा सिकाइको भविष्य, शिक्षा र व्यावसायिक तालिमलाई रूपान्तरण गर्न प्रविधिको भूमिका र जीवनका लागि सिकाइलाई सहयोग गर्न साझेदारीको महत्त्वलगायत विषयमा छलफल भएका छन्।

शिखर सम्मेलनमा एशिया, युरोप, उत्तर अमेरिका र ओशिनियाका १८ वटा प्रतिनिधिमण्डलका शिक्षा अधिकारी, शिक्षक सङ्घका प्रमुख र शिक्षक नेताहरू सहभागी छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – ज्ञानोदय | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – ईश्वरभक्ति | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

वीरगंज महानगरपालिकाको सूचना

हरेक बार खाना चार,
यही नै हो पोषणको आधार।

वीरगंज महानगरपालिका कार्यालय






सशस्त्र प्रहरी बल नेपाल नं १२ गण हेडक्वार्टर बाराले १७औं स्थापना दिवसको अवसरमा सोमवार बाराको उत्तर झिटकैयास्थित गणमा आयोजित कार्यक्रममा नृत्य प्रस्तुत गर्दै सशस्त्र प्रहरी। सीमाको सुरक्षा, भन्सार छली, चोरी, तस्करी, विपद् व्यवस्थापन, नागरिकको शान्ति सुरक्षामा सशस्त्र प्रहरीले गरेको कार्यको वक्ताहरूले प्रशंसा गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक निमित्त वाहिनीपति माधवप्रसाद पौडेल, जिल्ला समन्वय समिति, बाराका प्रमुख नरेन्द्र साहलगायतको सहभागिता थियो। तस्वीरः जीतलाल श्रेष्ठ

## सामुदायिक श्रीपुरद्वारा दुर्घटना न्यूनीकरणबारे सचेतना कार्यक्रम

प्रस, वीरगंज, १० वैशाख/

सामुदायिक सेवा केन्द्र श्रीपुर मुर्लीले सोमवार सवारी दुर्घटना न्यूनीकरणबारे सचेतनामूलक कार्यक्रम गरेको छ।

वीरगंज–११ पावरहाउस चोकमा चालकहरूलाई मोटरसाइकल/स्कूटर चलाउँदा ट्राफिक नियमको पालना गर्नुपर्ने र दुर्घटना न्यूनीकरणका उपायबारे सचेतनामूलक पर्चा वितरण गरिएको थियो।

कार्यक्रममा जीप, कार, भ्यान, मोटरसाइकल, स्कूटी, साइकल र पैदलयात्री गरी ८० थान पर्चा वितरण गरिएको केन्द्रका सचिव कुलनारायण प्रधानले जानकारी गराए।



तस्वीरः सौजन्य

## स्रोत नखुलेको २२ लाखसहित दुईजना पक्राउ



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १० वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले हुन्डी कारोबारमा संलग्न रहेको आरोपमा दुईजनालाई पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय, बिर्ताले वीरगंज महानगरपालिका–६ रूँगटा मार्केटभित्र रहेको माँ जगदम्बा मनी ट्रान्सफरबाट कलैया उपमहानगरपालिका–२३ बस्ने ३८ वर्षीय अर्जुन राउत कुर्मीलाई स्रोत नखुलेको २२ लाख पाँच हजारसहित पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ।

प्रहरीले अनुसन्धानको क्रममा मनी ट्रान्सफरका सञ्चालक विन्ध्यवासिनी गाउँपालिका–३ बस्ने ४३ वर्षीय अजयकुमार साहलाई पनि पक्राउ गरेको छ। पक्राउ परेका दुवैजनामाथि बैंक तथा वित्तीय संस्थासम्बन्धी कसूरमा अनुसन्धान गरिरहेको जिप्रका, पर्साले जनाएको छ।

## मङ्गलवार सार्वजनिक बिदा

काठमाडौं, १० वैशाख/रासस

सरकारले कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपालको राजकीय भ्रमणका अवसरमा भोलि मङ्गलवार सार्वजनिक बिदा दिएको छ।

सिंहदरबारमा सोमवार भएको मन्त्रिपरिषद् बैठकले कतारका अमिरले यही वैशाख ११ देखि गर्ने नेपालको राजकीय भ्रमणको अवसरमा भोलि सार्वजनिक बिदा दिने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन्।

मन्त्रिपरिषद् बैठकले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेश गर्ने निर्णय गरेको छ।

विपद्बाट क्षति भएका तथा जोखिममा रहेका निजी आवास

(बाँकी अन्तिम पातामा)

### कतार...

छ। "कतार मध्यपूर्वमा आर्थिकरूपले सम्पन्न हुँदै गएको मुलुक हो। करीब चार लाख नेपाली श्रमिकले कतारमा काम गर्दै आइरहेका छन्। कतारको विकास र समृद्धिमा नेपाली श्रमिकको रगत र पसिना बगेको छ। यस्तो बेलामा कतारका अमिरको नेपाल भ्रमण हुनु अत्यन्त महत्त्वपूर्ण विषय र अवसरको कुरा हो," डा भट्टराईले भने।

कतारको सम्पन्नताबाट नेपालले पनि आर्थिक विकास र सम्पन्नतासँग जोडेर अघि बढ्नका लागि फाइदा लिन सक्ने भन्दै उनले श्रमशक्ति विदेश पठाएर नभई स्वदेशमैं रोजगार सिर्जना गर्नुपर्ने आवश्यकतातर्फ पनि ध्यान दिइनुपर्ने बताए।

डा भट्टराईले भने, "कतारलगायत मध्यपूर्वी मुलुकबाट नेपालमा लगानीको उच्च सम्भावना छ। कतारमा नेपालबाट निर्यात बढाउन सकिन्छ। नेपालले ठूलो मात्रामा इन्धन आयात गरिरहेको छ। यस विषयमा पनि हामीले केही सहुलियतपूर्ण सहयोग लिने अवस्था रहन्छ। यी विषयमा नेपालले आफ्नो छलफल अघि बढाउनुपर्छ।"

उनले कतारमा श्रम गर्ने नेपालीको सुरक्षा र रोजगारमा देखिएका समस्या समाधान गर्नु अमिरको भ्रमणका अवसरमा सरकारको स्वाभाविक 'एजेन्डा'भित्र पर्ने बताए। नेता भट्टराईले भने, "कतारले केही वर्षयता आफ्नो प्राकृतिक साधनस्रोतलाई उपयोग गरेर जुन किसिमको सम्पन्नता र समृद्धि हासिल गरेको छ। राजनीतिक स्थायित्वभित्र राम्रो दृष्टिकोण भएको नेतृत्वको माध्यमबाट आर्थिक समृद्धि र विकासमा अघि बढेको छ। आफ्नो प्रकृतिले दिएको साधनस्रोत प्रयोग गरेर अगाडि जान सकिन्छ भन्ने पाठ सिकाएको छ।"

नेपाली काङ्ग्रेसका नेता एवं पूर्वपरराष्ट्रमन्त्री डा नारायण खड्काले पछिल्लो समय कतार कूटनीतिक र आर्थिकरूपमा अत्यन्त सफल हुँदै गइरहेको धारणा राखे। "इजरायल र हमासबीच विवाद समाधानमा अमेरिका र बेलायतलगायतका मुलुकले पनि कुनै न कुनै रूपमा कतारको मध्यस्थताको भूमिका खोजिरहेका छन्," उनले भने।

अमिरको भ्रमणका क्रममा कतारमा रहेका नेपाली श्रमिकको सेवासुविधाका बारेमा छलफल र परामर्श गर्नुपर्नेमा जोड दिंदै नेता खड्काले श्रम सम्झौतालाई समयानुकूल परिमार्जन गर्न सुझाव दिए। चाँडै नै नेपालमा हुन लागेको लगानी सम्मेलको पूर्वसन्ध्यामा भएको अमिरको भ्रमणले वैदेशिक लगानीका लागि विश्व समुदायमा विश्वासको वातावरण सिर्जना गर्ने राम्रो अवसर भएको बताए।

उनले कतारसँगको सहकार्यमा नेपाली श्रमिकलाई प्रशिक्षित गर्ने प्रशिक्षण केन्द्र स्थापना गर्न सके दुई देशबीचको जनस्तरमा समेत सम्बन्ध विस्तार हुने विश्वास व्यक्त गरे। उनले नेपाललाई महत्त्व दिएर कतारका अमिरबाट हुने भ्रमणका अवसरमा खुला हृदयले स्वागत गर्दै आतिथ्य प्रदान गर्नुपर्ने सुझाव दिए।

# ग्रीन सिटी सामुदायिकद्वारा सचेतनामूलक कार्यक्रम



तस्वीर: सौजन्य

प्रस, वीरगंज, ९ वैशाख/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरले ट्राफिक नियमसम्बन्धी सचेतनामूलक कार्यक्रम गरेको छ।

नम्बर प्लेट नभएका सवारीसाधन चलाउने, हेलमेटविना मोटरसाइकल गुडाउने, इन्डिकेटरको उपयोग नगर्नेलगायत ट्राफिक नियमको उल्लङ्घन गर्ने चार सयजनालाई चकलेट दिएर जरिवाना गरेको छ।

कार्यक्रममा १५ जना सवारी चालकको सवारीमा नम्बर प्लेट केरकार गरिएको, धमिलो भएको पाइएपछि सोही स्थानमा नम्बर प्लेट लेखन कार्य गरिएको थियो । कार्यक्रममा वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक पुष्कर बोगटी, ट्राफिक प्रहरी निरीक्षक भास्कर खतिवडा, केन्द्रका अध्यक्ष जयप्रकाश खेतानलगायतको सहभागिता थियो।

यसैगरी, सोमवार हरि खेतान बहुमुखी क्याम्पसमा ग्रीन सिटी समुदायिक सेवा केन्द्रले प्रहरी विद्यालय सम्पर्क कार्यक्रम गरेको छ। कार्यक्रममा कक्षा १२ का विद्यार्थीहरूलाई साइबर अपराधसम्बन्धी सचेतना गरिएको थियो।

केन्द्रका अध्यक्ष खेतानको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पस प्रमुख किशोरीराय यादव, प्रहरी निरीक्षक मनीषा लौडारी, डा प्रीति यादव, सुरेन्द्रकुमार ओझा, सुवर्णबहादुर रायमाझी, कमल चौगाईलगायतको सहभागिता थियो।

# चोरी र बोक्सी मुद्दाका फरार पक्राउ

प्रस, वीरगंज, १० वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले चोरी र बोक्सी आरोपमा मुद्दा लागेपछि फरार दुईजनालाई पक्राउ गरेको छ।

बारा जिल्ला अदालतले चोरी मुद्दामा चार महीना कैद र ३३ सय रुपैयाँ जरिवाना गरेपछि फरार रहेका परवानीपुर गाउँपालिका-१ रहरियाडी बस्ने १९ वर्षीय रामपुकार कुशवाहालाई इलाका प्रहरी कार्यालय, परवानीपुरले शनिवार पक्राउ गरेको थियो।

यसैगरी, बारा अदालतले बोक्सी आरोप मुद्दामा पाँच महीना कैद सजाय गरेपछि फरार रहेका कलैया उपमहानगरपालिका-२७ बर्वाटोल बस्ने ५९ वर्षीय हनुमान सहनीलाई पनि पक्राउ गरी कैद भुक्तानको लागि अदालतमा उपस्थित गराएको जिप्रका, बाराले जनाएको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# १३३ जना सवारीचालकलाई कारबाई

प्रस, वीरगंज, १० वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले ट्राफिक व्यवस्थापनका लागि सञ्चालित विशेष अभियान अन्तर्गत आइतवार १३३ जना सवारीचालकलाई कारबाई गरेको छ। ट्राफिक नियमविपरीत कार्य गरेका १३३ जना सवारीचालकलाई कारबाई गरी एक लाख २० हजार रुपैयाँ राजस्व सङ्कलन गरिएको र एउटा भारतीय नम्बरको सवारीसाधनलाई वीरगंज भन्सारमा बुझाएको जिप्रका, बाराले जनाएको छ।

# २५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १० वैशाख/

सृष्टि बचत तथा ऋण सहकारी संस्था, रौतहटको वार्षिकोत्सवको अवसरमा सोमवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

गुजरा नगरपालिका-१ मनहर्वामा सोमवार आयोजित रक्तदान कार्यक्रममा पाँचजना महिलासहित २५ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख जीतेन्द्र कुशवाहाले बताए। कार्यक्रममा इशा विक, आशाकुमारी पासवान, सीता चौधरी, प्रभु चौधरी, पल्टु विश्वकर्मा, विशाल पासवान, इन्द्रजीत गुप्ता, पञ्चु चौधरीलगायतले रक्तदान गरेका थिए।

## बारामा ...

गर्दा आलु उत्पादन बढ्ने उनले बताए। रासायनिक मलमा कट्ठामा १० किलो डिएपी, पाँच किलो पोटास र सिंचाइ गरेको बेलामा प्रतिकट्ठा दुई/दुई किलोको दरले दुईपटक युरिया मल हाल्नुपर्ने उनको भनाइ छ।

आलु रोप्ने क्रममा उनको करीब एक लाख रुपैयाँ खर्च भए तापनि चार महीनाको अवधिमा एक बिघा खेतबाट तीन लाख मुनाफा गरेको उनी बताउँछन्।

## मङ्गलवार ...

प्रबलीकरण, पुनर्स्थापना तथा पुनर्निर्माण गर्न तीन तहको सहलगानी हुन सक्ने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावलीमा संशोधन गर्ने निर्णय भएको सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माले जानकारी दिइन्।

बैठकले अर्थसचिवमा मधुकुमार मरासिनी र अर्थसचिव कृष्णहरि पुष्करलाई प्रधानमन्त्री कार्यालयमा सरुवा गरेको छ।

## मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा:

- चिनीयुक्त वा दाँतमा टाँसिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराइडयुक्त टुथपेस्टले दुई मिनेटसम्म दिनको दुईपटक ब्रश गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रश वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मदतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तीजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमितरूपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौ र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# खेलकूदको संसार

## वीरगंजमा राष्ट्रियस्तरको बुद्धिचाल प्रतियोगिता शुरू

प्रस, वीरगंज, ९ वैशाख/

नेपाल बुद्धिचाल महासङ्घ, पर्सा जिल्ला बुद्धिचाल सङ्घ, मूनलाइट मावि र नेशनल इन्फोटेक कलेजको संयुक्त आयोजनामा सोमवारदेखि वीरगंजमा राष्ट्रियस्तरको खुला बुद्धिचाल प्रतियोगिता शुरू भएको छ।





तस्वीर: सौजन्य

पर्सा जिल्ला बुद्धिचाल सङ्घका अध्यक्ष अजय कुर्मीको अध्यक्षतामा भएको मूनलाइट युथ एन्ड क्याडेट नेशनल चेस च्याम्पियनशिपको उद्घाटन पर्साका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले गरेका थिए। उनले प्रतियोगितामा सहभागी सबैलाई जीतको लागि शुभकामना व्यक्त गरे।

प्रतियोगिताका मुख्य निर्णायक एवं नेपाल बुद्धिचाल महासङ्घका पूर्वकेन्द्रीय सदस्य रामकिशोर सिंह परागले देशभरिबाट प्रतियोगितामा सहभागी गराइएको बताए। उनले ८, १०, १२, १४, १६, १८ वर्षमुनि छवटा समूह प्रतियोगितामा सहभागी भएको बताए। १४ जना महिला र ६३ जना पुरुष गरी प्रतियोगितामा ७७ जना सहभागी रहेको मुख्य निर्णायक परागले बताए। उनले ८ र १०, १२-१४, १६-१८ समूह मिश्रित गरेर प्रतियोगिता आयोजना गरिएको र महिलाहरूको छुट्टै समूह बनाइएको बताए। प्रतियोगितामा सबै खेलाडीले नौपटक खेल्नुपर्ने र जित्नेले एक अङ्क तथा बराबरी गर्नेले आधा-आधा अङ्क पाउने र सोही आधारमा वैशाख १२ गते प्रथम, द्वितीय, तृतीय घोषणा गरिने बताए।

उमेर समूहका विजेताहरूले आगामी जून ९ देखि २१ सम्म कजाकिस्तानमा हुने २७औं एशियन युथ चेस च्याम्पियनशिपमा नेपालबाट सहभागिता जनाउने परागले बताए। समूहगत विजेतालाई ट्रफी, मेडल र डिजिटल प्रमाणपत्र प्रदान गरिने कार्यक्रममा जानकारी गराइएको थियो।

## कर्णालीद्वारा गण्डकी पराजित

काठमाडौं, १० वैशाख/रासस

वीर गणेशमान सिंह टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा सोमवार कर्णाली प्रदेशले गण्डकी प्रदेशलाई पाँच रनले पराजित गर्दै विजयी भएको छ।

मूलपानी क्रिकेट मैदानमा कर्णालीले प्रस्तुत गरेको १६९ रनको लक्ष्य पछ्याएको गण्डकीले २० ओभरमा चार विकेट गुमाउँदै १६३ रनमा समेटियो। गण्डकीका लागि अर्जुन कुमालले ५५ बलमा सात चौका र एक छक्काको मदतले सर्वाधिक ७० रनको योगदान गरे।

यसैगरी, रोशन गौतमले २३, सन्दीप क्षेत्रीले अविजित १९, कप्तान विपिन खत्रीले अविजित १७, दीपक डुम्रेले १४ तथा ईश्वर क्षेत्रीले १२ रन बनाए। कर्णालीका लागि कप्तान दिवान पुन, प्रकाश जैसी र युनिश ठकुरीले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको कर्णालीले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १६८ रन बनाएको थियो।

कर्णालीका लागि विपिन रावलले ४३ बलमा पाँच छक्का र चार चौकाको मदतले सर्वाधिक ६८ रनको योगदान गरे। त्यसैगरी, रवीन्द्र शाहीले ३३, दिनेश अधिकारीले अविजित २९ तथा अर्जुन घर्तीले २८ रन बनाए। गण्डकीका लागि अमृत गुरुङले चार विकेट लिए। यस जीतसँगै कर्णालीले प्रतियोगितामा तेस्रो जीत दर्ता गराएको छ।

## 'कर्णाली किड्स कप २०८१' मा सेमिफाइनलका खेल सम्पन्न

सिमकोट (हुम्ला), १० वैशाख/रासस

हुम्लाको अदानचुली गाउँपालिकामा शुक्रवारदेखि जारी 'कर्णाली किड्स कप २०८१' अन्तर्गत सोमवार सेमिफाइनलका खेल सम्पन्न भएका छन्।

सेमिफाइनमा जनकल्याण आधारभूत विद्यालय र छत्रपाल आधारभूत विद्यालयबीच भएको खेलमा छत्रपाल आधारभूत विद्यालय २-० गोलले विजयी भएको आयोजक रेडियो श्रीनगर एफएमका संस्थापक अध्यक्ष नवराज महताराले जानकारी दिए।

यस्तै, मष्टादेव प्राथमिक विद्यालय र सूर्योदय माध्यमिक विद्यालयबीच भएको खेलमा सूर्योदय ७-१ गोलले विजयी भयो। अब मङ्गलवार छत्रपाल आधारभूत विद्यालय र सूर्योदय माध्यमिक विद्यालयबीच प्रथम उपाधिका लागि प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा प्रथम हुने समूहलाई रु ३० हजार, दोस्रोलाई रु २० हजार र तेस्रो हुनेलाई रु १० हजार नगदसहित प्रमाणपत्र र शिल्ड प्रदान गरिनेछ। प्रतियोगितामा ११ समूहको सहभागिता थियो।

## पर्सा राष्ट्रिय ...

ऐतिहासिक हलखोरिया दह, कामिनी दहलगायतका कैयौं प्राकृतिक दह, मूल, मुहान संरक्षण गर्दै आवश्यकता अनुसार निकुञ्ज क्षेत्रभित्र पोखरीहरू निर्माण गरी वन्यजन्तु, चराचुरुङ्गीलगायत अन्य जीवजन्तुहरूका लागि पानीको अभाव हुन नदिने हरसम्भव प्रयास भइरहेको पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभारका सहायक संरक्षक अधिकृत सन्तोष भगतले बताए।

उनले पर्यटकहरूका लागि सम्बन्धित क्षेत्रका होटल पर्यटन व्यवसायी सङ्घसँग समन्वय गरी जीप सफारीको व्यवस्था मिलाएको बताए। हात्ती सफारीका लागि भने छुट्टै व्यवस्था निकुञ्ज कार्यालयले मिलाएको उनले जानकारी गराए। वर्षौंदेखि निकुञ्जले अमलेखगंजस्थित हात्तीसारमा पर्यटकहरूका लागि एक दर्जनको हाराहारीमा हात्ती राखेको छ। स्वदेशी पर्यटकका लागि निकुञ्ज प्रवेश शुल्क एक सय रुपियाँ, हात्ती सफारी शुल्क पाँच सय, सार्क राष्ट्रका पर्यटकहरूका लागि प्रवेश शुल्क रु ७५०, हात्ती सफारीको लागि रु डेढ हजार, त्यसैगरी अन्य राष्ट्रका पर्यटकहरूका लागि प्रवेश शुल्क रु डेढ हजार, हात्ती सफारी शुल्क रु अढाई हजार रहेको पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनले जनाएको छ।

विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्जको छुट्टै पहिचान र संसारभर व्यापक चर्चा रहेकाले नेपालमा हालसम्म १२ वटा निकुञ्जमध्ये बढी आन्तरिक तथा बाह्य पर्यटक चितवन राष्ट्रिय निकुञ्ज पुग्ने गरेका छन्। पर्सा राष्ट्रिय निकुञ्जमा पर्यटकको चहलपहल बढाउने कार्यलाई पनि प्राथमिकतामा राखी छिट्टै कार्यान्वयनमा ल्याउन सरोकारवाला निकायहरूसँग छलफल भइरहेको निकुञ्ज प्रशासनले जानकारी गराएको छ। पर्सा निकुञ्जका मार्गहरूको सरसफाइ, मर्मत, सुधार गरी आवश्यक ठाउँहरूमा सडक वा मार्ग निर्माण र विस्तार गर्नुपर्ने र चितवन राष्ट्रिय निकुञ्ज वा पर्सा राष्ट्रिय निकुञ्जबाट प्रवेश गर्दा पर्यटकहरूलाई दिइने एउटै टिकटबाट दुवै निकुञ्ज घुम्न सक्ने वातावरण मिलाउने जस्ता कार्यको विषयमा गहनरूपमा छलफल भइरहेको पर्सा राष्ट्रिय निकुञ्ज बाराका प्रमुख एवं संरक्षक अधिकृत खतिवडाले बताए।

आरक्षबाट निकुञ्जको स्तरोन्नति भएसँगै अमलेखगंज, पथलैया, सिमरामा पर्यटकहरूका लागि सुविधासम्पन्न साना/ठूला होटलहरू सञ्चालनमा आएका छन्। कोभिडपछि अहिले आर्थिक मन्दीले सञ्चालनमा आएका व्यवसायहरू सङ्कटमा परेको होटल व्यवसायीहरू बताउँछन्। सरकारले बाह्य पर्यटक भित्र्याउन सहज कार्य गर्न नसक्दा पर्यटन व्यवसाय धराशयी अवस्थामा पुगेको उनीहरूको गुनासो छ।

भारतको बिहार राज्यलगायतका बाह्य पर्यटक र मधेस प्रदेशका बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी र छिमेकी बाग्मती प्रदेशको मकवानपुरलगायत अन्य जिल्लाका आन्तरिक पर्यटकहरूलाई पर्सा राष्ट्रिय निकुञ्जले आकर्षित गर्दा यसको चर्चा ह्वात्तै बढ्न सक्ने मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष सीताराम अर्याल बताउँछन्। पर्यटक भित्र्याउन आवश्यक भौतिक संरचना निर्माण गर्न होटल व्यवसायीहरूलाई सहज हुनेगरी राष्ट्रिय निकुञ्जका नीति, ऐन, नियममा सुधार एवं परिमार्जन नभएकाले पनि लगानीकर्ताहरूको आर्कषण बढ्न नसकेको हो। अब निकुञ्जको नीति व्यवसायमैत्री बनाउनुपर्ने सरोकारवालाहरूको भनाइ छ।

पर्यटकहरूको चहलपहल बढाउन यस प्रदेश र छिमेकी प्रदेशका स्थानीय तहहरूसँग समन्वय गरी त्यहाँ रहेका विद्यालयहरूमा निकुञ्जमा वन्यजन्तुको अवलोकन गर्न आग्रह गर्न सकिन्छ। निकुञ्जमा पूर्वाधार विकासमा निजी लगानीसँगै स्थानीय, प्रदेश र सङ्घीय सरकारको ध्यान जान जरुरी छ।